# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०८०/८१)




**नेपाल राष्ट्र बैंक**

आर्थिक अनुसन्धान विभाग

२०८१ असार

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ बमोजिम बैंकले मूल्य स्थिरता,शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको स्थिति, मुद्रा प्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ। सोही ऐनको दफा १० को उपदफा ३ बमोजिम नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले बैंकलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषणमार्फत् मौद्रिक एवम् वित्तीय नीतिको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने भएका कारण नेपाल राष्ट्र बैंकले नियमितरुपमा आर्थिक गतिविधि अध्ययन गरी सोको प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै आर्थिक गतिविधिको विश्लेषण तथा प्रक्षेपण गर्ने मूल आधार हो। आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न सहयोग पुग्दछ। साथै, तथ्याङ्क तथा सूचनाले अर्थतन्त्रका विभिन्न क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत् सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुऱ्याउँछ।

देश संघीय संरचनामा गएपश्चात् प्रशासनिक विभाजनको स्वरुपसमेत परिवर्तन भएको छ। संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ मा भएको व्यवस्थाअनुसार नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र द्वितीय तथ्याङ्कका आधारमा देशका सबै जिल्लाहरु समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। यो एकीकृत प्रतिवेदनसँगै प्रदेश अनुसार छुट्टाछुट्टै प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु पनि तयार गरिएको छ। संघीय संरचनाको परिवेशमा अझैपनि अध्ययनका लागि आवश्यक पर्ने पर्याप्त तथ्याङ्कहरु उपलब्ध हुन नसकिरहेको स्थितिले अध्ययनलाई अझ खँदिलो बनाउन सकिएको छैन।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरु तथा तथ्याङ्क संकलनमा समन्वय गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु। यो प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने निर्देशक श्री नारायण प्रसाद पोखेललाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास महाशाखाका उप-निर्देशकहरु श्री सजना शिल्पकार र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री सबिन थापा, श्री निरज घिमिरे, श्री रोशन सेढाई, श्री कुशल ढकाल, श्री शीखा पोखेल र श्री राम कुमार थापालाई धन्यवाद दिन चाहन्छु।

**डा. प्रकाश कुमार श्रेष्ठ**
कार्यकारी निर्देशक

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | |
| **परिच्छेद १:** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २:** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | | ३ |
| **परिच्छेद ३:** | **कृषि क्षेत्र** | | ६–१७ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ७ |
| | ३.३ | पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ | सिँचाई | ११ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १२ |
| | ३.६ | सहुलियतपूर्ण कृषि कर्जा | १३ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४:** | **उद्योग क्षेत्र** | | २०–२६ |
| | ४.१ | प्रदेश अनुसार उद्योगको विवरण | २० |
| | ४.२ | उद्योगको क्षमता उपयोग र उत्पादन | २० |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | २१ |
| | ४.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २३ |
| **परिच्छेद ५:** | **सेवा क्षेत्र** | | २७–३७ |
| | ५.१ | पर्यटन | २७ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| | ५.३ | वित्तीय सेवा | २८ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | ३० |
| | ५.५ | यातायात | ३१ |
| | ५.६ | सहुलियतपूर्ण कर्जा | ३१ |
| | ५.७ | विपन्न वर्ग कर्जा | ३२ |
| | ५.८ | सहकारी क्षेत्र | ३२ |
| | ५.९ | सेवा क्षेत्रका चुनौती र सम्भावना | ३३ |
| **परिच्छेद ६:** | **पूर्वाधार क्षेत्र** | | ३८–४६ |
| | ६.१ | पूर्वाधार स्थिति | ३८ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ४२ |
| **परिच्छेद ७:** | **वाह्य क्षेत्र र रोजगारी** | | ४७–५२ |
| | ७.१ | वैदेशिक व्यापार | ४७ |
| | ७.२ | रोजगारी | ४९ |
| | ७.३ | बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना | ५१ |
| **परिच्छेद ८:** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | ५३–५७ |
| | ८.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ५३ |
| | ८.२ | प्रदेशगत कार्यान्वयन भएका कार्यक्रमहरु | ५४ |
| **परिच्छेद ९:** | **आर्थिक परिदृष्य** | | ६० |

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | विश्वको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति | ३ |
| तालिका २.२ | नेपालीहरुको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.३ | दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.४ | नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा) | ४ |
| तालिका २.५ | विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ५ |
| तालिका २.६ | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ५ |
| तालिका ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२ | धान बालीको उत्पादन | ८ |
| तालिका ३.३ | कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.४ | प्रमुख पशुपन्छी, माछा तथा उत्पादन | १० |
| तालिका ३.५ | सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा | १२ |
| तालिका ३.६ | सहुलियतपूर्ण कृषि कर्जाको विवरण | १३ |
| तालिका ३.७ | कृषि क्षेत्रको प्रदेशगत चुनौतीहरु | १४ |
| तालिका ३.८ | कृषि क्षेत्रको प्रदेशगत सम्भावनाहरु | १६ |
| तालिका ४.१ | आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनामा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण | २० |
| तालिका ४.२ | प्रदेशगत औद्योगिक कर्जा | २२ |
| तालिका ४.३ | उद्योग क्षेत्रका प्रदेशगत चुनौतीहरु | २३ |
| तालिका ४.४ | उद्योग क्षेत्रका प्रदेशगत सम्भावनाहरु | २५ |
| तालिका ५.१ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २८ |
| तालिका ५.२ | प्रदेशगत सेवा क्षेत्र कर्जा | ३१ |
| तालिका ५.३ | सेवा क्षेत्रका प्रदेशगत चुनौतीहरु | ३३ |
| तालिका ५.४ | सेवा क्षेत्रका प्रदेशगत सम्भावनाहरु | ३५ |
| तालिका ६.१ | आर्थिक वर्ष २०७०/७१ देखि २०७९/८० सम्म सडक निर्माणतर्फ भएका उपलब्धि | ३८ |
| तालिका ६.२ | पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती | ४२ |
| तालिका ६.३ | पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना | ४४ |
| तालिका ७.१ | आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनाको नेपालको आयात निर्यात स्थिति | ४७ |
| तालिका ७.२ | आर्थिक वर्ष २०८०/२०८१ को प्रथम छ महिनाको भन्सार बिन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति | ४८ |
| तालिका ७.३ | भन्सार बिन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु | ४८ |
| तालिका ७.४ | प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु | ४९ |
| तालिका ७.५ | २०८० पुस मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण | ५० |

| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका ७.६ | आर्थिक वर्ष २०८०/२०८१ को पुस मसान्तसम्ममा जारी श्रम स्वीकृतीको प्रदेशगत विवरण | ५० |
| तालिका ७.७ | वैदेशिक रोजगारीको लागि प्रमुख गन्तव्यको विवरण | ५१ |
| तालिका ८.१ | आर्थिक वर्ष २०८०/८१ को संघीय बजेटको अर्ध-वार्षिक प्रगति विवरण | ५३ |
| तालिका ८.२ | आर्थिक वर्ष २०८०/८१ को राजस्व संकलनको अर्ध-वार्षिक प्रगति विवरण | ५३ |
| तालिका ८.३ | आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति विवरण | ५४ |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल (लाख हेक्टरमा) | ६ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन (लाख मे. टनमा) | ८ |
| चार्ट ३.३ | प्रदेशगत दुध, मासु, अण्डा र माछा उत्पादन हिस्सा (प्रतिशतमा) | ११ |
| चार्ट ३.४ | सिँचाइ क्षेत्रफलमा भएको विस्तार (लाख हेक्टरमा) | १२ |
| चार्ट ३.५ | कृषि कर्जाको प्रदेशगत हिस्सा (प्रतिशतमा) | १३ |
| चार्ट ४.१ | प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा) | २१ |
| चार्ट ४.२ | औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा) | २२ |
| चार्ट ४.३ | औद्योगिक कर्जामा प्रदेशगत हिस्सा (प्रतिशतमा) | २३ |
| चार्ट ५.१ | पर्यटक आगमन संख्या | २७ |
| चार्ट ५.२ | घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा) | २८ |
| चार्ट ५.३ | बैंक तथा वित्तीय संस्थाका शाखा संख्या | २९ |
| चार्ट ५.४ | निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा) | २९ |
| चार्ट ५.५ | कुल कर्जा कुल निक्षेप अनुपात (प्रतिशतमा) | ३० |
| चार्ट ५.६ | प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा (प्रतिशतमा) | ३१ |
| चार्ट ५.७ | प्रदेशगत विपन्न वर्ग कर्जाको हिस्सा (प्रतिशतमा) | ३२ |
| चार्ट ५.८ | नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण (रु.दश लाखमा) | ३३ |
| चार्ट ८.१ | आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति | ५४ |

# सारांश

आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुससम्मको तथ्याङ्कमा आधारित अर्धवार्षिक आर्थिक गतिविधि अध्ययनको सारांश निम्नानुसार रहेको छ ।

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषको अप्रिल, २०२४ मा प्रकाशित तथ्याङ्क अनुसार सन् २०२३ मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.२ प्रतिशत रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२३ मा विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर ६.८ प्रतिशत रहेको छ ।

२. सन् २०२३ मा जि-७ अन्तर्गतका विकसित देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारी दरमा सन् २०२२ को तुलनामा कम रहन गयो । उक्त मुलुकहरुमध्ये सन् २०२३ मा फ्रान्स र इटलीको बेरोजगारी दर ७ प्रतिशत माथि रहन गयो भने जापानको बेरोजगारी दर २.६ प्रतिशत कायम रहन गयो । नेपालीहरुको प्रमुख श्रम गन्तव्य मुलुक युएई, कतार, साउदी अरेविया, मलेसिया र कुवेतको आर्थिक वृद्धिदर क्रमश ३.४, १.६, -०.८, ३.७, -२.२ प्रतिशत रहन गयो । त्यस्तै, सन् २०२३ मा भारतको आर्थिक वृद्धिदर ७.८ प्रतिशत र चीनको आर्थिक वृद्धिदर ५.२ प्रतिशत रह्यो ।

## कृषि

३. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) को उत्पादन ४.७ प्रतिशतले बढेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने ०.३ प्रतिशतले घटेको छ ।

४. खाद्य तथा अन्य बालीको उत्पादन ३.८ प्रतिशतले बढेको छ । तरकारी तथा बागबानीको उत्पादन २.५ प्रतिशतले बढेको छ । फलफूल र मसलाको उत्पादनमा भने क्रमश: १७.० प्रतिशत र २५.१ प्रतिशतले वृद्धि भएको छ ।

५. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ५.०३ प्रतिशत र मासु उत्पादन १.०३ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा अण्डा उत्पादन ३.६१ प्रतिशतले घटेको छ । वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन २७.० प्रतिशतले र औषधिजन्य वस्तुको उत्पादन २८.५ प्रतिशतले बढेको छ ।

## उद्योग

६. समीक्षा अवधिमा उद्योगको क्षमता उपयोग औसतमा ४२.९ प्रतिशत रहेको छ ।

७. २०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश २९.९ प्रतिशत रहेको छ ।

## सेवा

८. आर्थिक वर्ष २०८०/८१ को साउन देखि पुससम्ममा ५ लाख ५९ हजार ७६९ जना पर्यटकको आगमन भएको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या २३.९ प्रतिशतले बढेर २ लाख ३८ हजार २ सय ९९ कायम भएको छ । रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ४.३ प्रतिशतले बढेर रु.१० अर्ब १० करोड २० लाख पुगेको छ । घर भवन स्थायी नक्सा पास संख्या १९.९ प्रतिशतले घटेको छ ।

१०. २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १४.८ प्रतिशतले वृद्धि भएको छ भने कर्जा प्रवाह २.८ प्रतिशतले कमी भएको छ ।

११. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप र कर्जामा बागमती प्रदेशको अंश क्रमशः ६७.७ प्रतिशत र ५७.६ प्रतिशत रहेको छ । निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (क्रमशः १.१ प्रतिशत र १.० प्रतिशत) रहेको छ ।

१२. २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको संख्या ३.८ प्रतिशतले वृद्धि भएको छ ।

१३. समीक्षा अवधिमा छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पुँजी ६.३ प्रतिशतले बढेको छ । उक्त सहकारीहरुको कुल बचत र कर्जा सीमान्त दर (५.० प्रतिशत र ३.८ प्रतिशत) ले घटेको छ ।

## पूर्वाधार

१४. आर्थिक वर्ष २०७९/८० सम्ममा ७६ जिल्लामा यातायात सञ्जालको पहुँच पुगेको छ भने कुल ८० वटा राजमार्गहरुको कुल लम्बाई १४ हजार ९ सय ४३ कि. मि. रहेको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंक, केन्द्रीय बैकको हैसियतले देशको आर्थिक गतिविधिसम्बन्धी अध्ययन गरी सोहीबमोजिम समष्टिगत आर्थिक नीति निर्माण गर्ने र यस्ता अध्ययनबाट नेपाल सरकार लगायतका सरोकारवालाहरुलाई नीति निर्माण र आर्थिक निर्णयहरु गर्न सहयोग पुऱ्याउँदै आएको छ ।

नेपाल राष्ट्र बैङ्कले वि.सं.२०२५ देखि नै उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा सम्वाददाता फाँटको व्यवस्था गरी आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवं तथ्याङ्क संकलन गर्ने गरेको थियो । उक्त फाँटले स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा समय-समयमा अनुसन्धान विभागमा पठाउने व्यवस्था थियो । वि.सं.२०३२ मा कार्य निर्देशिका जारी गरी सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरियो । क्षेत्रीय अनुसन्धान केन्द्रबाट आर्थिक गतिविधिसम्बन्धी अध्ययन हुने गरेकोमा वि.सं.२०४९ देखि उपत्यका बाहिरका कार्यालयमा बैंकिङ विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीयस्तरमा सोही ईकाइ तथा आर्थिक अनुसन्धान विभाग, आर्थिक विकास महाशाखामार्फत् काठमाडौं उपत्यका एवम् आसपासका क्षेत्रका आर्थिक गतिविधिको अध्ययन कार्य नियमितरुपमा हुँदै आएको थियो ।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएकोमा आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो । आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो ।

देश संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचना अनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुस मसान्तसम्म (अर्ध-वार्षिक) को तथ्याङ्कमा आधारित भई यो आर्थिक गतिविधि अध्ययन (एकीकृत) तयार पारिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ । कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । उद्योगको तथ्याङ्क नमुना छनौटमा परेका उद्योगहरुबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट, बैंकिङ तथ्याङ्क सुपरिवेक्षक सूचना प्रणालीबाट संकलन गरिएको छ ।

साथै, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघबाट, घरजग्गा नक्सापाससम्बन्धी तथ्याङ्क नगरपालिकाहरुबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क आर्थिक पूर्वाधार कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालयबाट संकलन गरिएको छ । स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवम् अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट तथा टेलिफोनलगायतका विद्युतीय माध्यमको प्रयोग गरिएको छ । पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रमलगायतका तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ ।

समीक्षा अवधि, गत अवधि र दुई वर्ष अघिको तथ्याङ्क संकलन गरी समीक्षा अवधि र गत अवधिको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

अधिकांश जिल्लाहरुबाट तथ्याङ्क स्थलगत सर्वेक्षणका क्रममा सम्बन्धित निकायमा सम्पर्क गरी संकलन गरिएको र सोही आधारमा एकीकृत गरिएकोले कृषि उत्पादन, सिँचाई, पूर्वाधार लगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन् । देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यससम्वन्धी तथ्याङ्क पूर्णरुपमा संकलन गर्न कठिनाई भएको स्थिति छ । यसर्थ, तीनै तहका सरकारी कार्यालयहरुले तथ्याङ्क संकलन र व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ । कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले पनि तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क उपलब्ध गराउने प्रवृत्ति रहेको कारण यथार्थ आर्थिक अवस्थाको बारेमा समयमा नै उजागर गर्न कठिनाई हुने गरेको स्थिति छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा अन्तर्राष्ट्रिय आर्थिक स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्र र रोजगारीसँग सम्बन्धित तथ्याङ्क तथा विवरण प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा संघीय एवम् प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद ९ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

२.१.१. विश्व अर्थतन्त्रको आर्थिक वृद्धिदर सुस्त तर स्थिर अवस्थामा रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) द्वारा अप्रिल २०२४ मा अद्यावधिक गरिएको World Economic Outlook (WEO) अनुसार सन् २०२३ मा ३.२ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२४ मा समेत ३.२ प्रतिशतका दरले वृद्धि हुने प्रक्षेपण छ।

२.१.२. विश्वको मुद्रास्फीति दरमा सुधार हुँदै जाने देखिएको छ। विश्वका विकसित मुलुकहरूको मुद्रास्फीति दर सन् २०२३ मा ४.६ प्रतिशत रहेकोमा सन् २०२४ मा २.६ प्रतिशत रहने प्रक्षेपण छ। त्यसैगरी, उदीयमान तथा विकासशील मुलुकहरूको मुद्रास्फीति दर सन् २०२३ मा ८.३ प्रतिशत रहेकोमा सन् २०२४ मा ८.३ प्रतिशत रहने कोषको प्रक्षेपण छ।

२.१.३. अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२३ मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.२ प्रतिशत रहन गयो। सन् २०२३ मा जि-७ अन्तर्गतका विकसित देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारी दरमा सन् २०२२ को तुलनामा कम रहन गयो। उक्त मुलुकहरुमध्ये सन् २०२३ मा फ्रान्स र इटलीको बेरोजगारी दर ७ प्रतिशत माथि रहन गयो भने जापानको बेरोजगारी दर २.६ प्रतिशत कायम रहन गयो।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | | वेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२२ | २०२३ | २०२२ | २०२३ |
| क्यानडा | ५.१ | -०.५ | ५.३ | ५.४ |
| फ्रान्स | ३.१ | ०.४ | ७.३ | ७.४ |
| जर्मनी | ३.२ | -०.९ | ३.१ | ३.० |
| इटाली | ४.७ | ०.७ | ८.१ | ७.७ |
| जापान | १.५ | ०.९ | २.६ | २.६ |
| बेलायत | ४.८ | ०.३ | ३.७ | ४.० |
| अमेरिका | २.३ | १.९ | ३.६ | ३.६ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२४*

सन् २०२३ मा नेपालीहरुको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर समग्रमा न्युन रह्यो। नेपालीहरुको प्रमुख श्रम गन्तव्य मुलुक युएई, कतार, साउदी अरेविया, मलेसिया र कुवेतको आर्थिक वृद्धिदर क्रमश ३.४, १.६, -०.८, ३.७, -२.२ प्रतिशत रह्यो भने दक्षिण कोरिया र जापानको वृद्धिदर क्रमश: १.४ प्रतिशत र ०.९ प्रतिशत रहन गयो।

**तालिका २.२ : नेपालीहरुको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर।**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२२ | २०२३ |
| साउदी अरेबिया | ७.५ | -०.८ |
| कतार | ४.२ | १.६ |
| यूएई | ७.९ | ३.४ |
| बहराईन | ४.९ | २.६ |
| कुवेत | ६.१ | -२.२ |
| ओमान | ४.३ | १.३ |
| जापान | १.५ | ०.९ |
| मलेसिया | ८.७ | ३.७ |
| दक्षिण कोरिया | २.६ | १.४ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२४*

सन् २०२३ मा छिमेकी मुलुकहरुको आर्थिक गतिविधि सामान्य रहेको छ । सन् २०२२ मा १३.९ प्रतिशतले वृद्धि भएको माल्दिभ्सको अर्थतन्त्र सन् २०२३ मा ४.४ प्रतिशतले वृद्धि भयो । यसैगरी, सन् २०२३ मा बंगलादेशको अर्थतन्त्र ६.० प्रतिशतले वृद्धि भयो भने भुटानको अर्थतन्त्र ४.६ प्रतिशतले ऋणात्मक रहन गयो ।

**तालिका २.३ : दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२२ | २०२३ |
| बंगलादेश | ७.१ | ६.० |
| भुटान | ४.८ | ४.६ |
| भारत | ७.० | ७.८ |
| माल्दिभ्स | १३.९ | ४.४ |
| नेपाल | ५.६ | ०.८ |
| पाकिस्तान | ६.२ | -०.२ |
| श्रीलङ्का | -७.८ | ... |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२४*

सन् २०२२/२३ मा नेपाल, भारत तथा चीनको कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान सबैभन्दा बढी रहेको छ । सन् २०२२/२३ मा भारतको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २१.० प्रतिशत, २५.६ प्रतिशत र ५३.४ प्रतिशत रहेको छ भने सोही अवधिमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमश : ३.३ प्रतिशत, ४.३ प्रतिशत र ९.१ प्रतिशत रहेको छ ।

साथै, चीनको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ७.३ प्रतिशत, ३९.९ प्रतिशत र ५२.८ प्रतिशत रहेको छ भने ती क्षेत्रको वृद्धिदर क्रमशः ४.१ प्रतिशत, ३.८ प्रतिशत र २.३ प्रतिशत रहेको छ ।

**तालिका २.४ : नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | हिस्सा | | | वृद्धिदर | | |
|---|---|---|---|---|---|---|
| | भारत | चीन | नेपाल | भारत | चीन | नेपाल |
| प्राथमिक क्षेत्र | २१.० | ७.३ | २४.६ | ३.३ | ४.१ | ३.० |
| द्वितीय क्षेत्र | २५.६ | ३९.९ | १२.५ | ४.३ | ३.८ | १.२ |
| तृतीय क्षेत्र | ५३.४ | ५२.८ | ६२.९ | ९.१ | २.३ | ४.५ |
| **कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | | | | **६.७** | **३.०** | **३.८७** |

*स्रोत :*
*भारत : आर्थिक सर्वेक्षण २०२२/२३*
*चीन : नेशनल ब्यूरो अफ स्ट्याटिस्टिक्स,२०२३*
*नेपाल : केन्द्रीय तथ्याङ्क विभाग, २०२४*

## २.२ मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२२ मा ८.७ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२३ मा ६.८ प्रतिशत रहन गयो ।

**तालिका २.५ : विश्वको मुद्रास्फीति**

**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| अर्थतन्त्र | २०२२ | २०२३ |
|---|---|---|
| विश्व अर्थतन्त्र | ८.७ | ६.८ |
| विकसित अर्थतन्त्र | ७.३ | ४.६ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ९.८ | ८.३ |
| उदीयमान तथा विकासशील एशिया | ३.९ | २.४ |
| उदीयमान तथा विकासशील युरोप | २७.८ | १९.४ |
| ल्याटिन अमेरीका तथा क्यारेबियन | १४.० | १४.४ |
| मध्यपूर्व तथा मध्य एशिया | १३.९ | १६.७ |
| सब साहारा अफ्रिका | १४.५ | १६.२ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२४*

सन् २०२२ को तुलनामा सन् २०२३ मा दक्षिण एशियाली मुलुकहरुमध्ये भुटान, चीन र भारतको उपभोक्ता मुद्रास्फीति घटेको छ, मालदिभ्सको उपभोक्ता मुद्रास्फीति यथावत रहेको छ भने बंगलादेश र पाकिस्तानको उपभोक्ता मुद्रास्फीति बढ्न गएको छ। भारत र चीनको उपभोक्ता मुद्रास्फीति सन् २०२२ मा क्रमशः ६.७ प्रतिशत र २.० प्रतिशत रहेकोमा सन् २०२३ मा ५.४ प्रतिशत र ०.२ प्रतिशत रहन गएको छ। नेपालको मुद्रास्फीति सन् २०२२ को तुलनामा सन् २०२३ मा बढ्न गएको छ।

**तालिका २.६ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति**

**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०२२ | २०२३ |
|---|---|---|
| बंगलादेश | ६.१ | ९.० |
| भुटान | ५.९ | ४.६ |
| भारत | ६.७ | ५.४ |
| मालदिभ्स | २.६ | २.६ |
| नेपाल | ६.३ | ७.८ |
| श्रीलङ्का | ४५.२ | ... |
| पाकिस्तान | १२.१ | २९.२ |
| चीन | २.० | ०.२ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२४*

सन् २०२३ को जुलाई ४ मा ६९.७९ अमेरिकी डलर प्रति ब्यारल रहेको कच्चा तेलको मूल्य सन् २०२४ को जनवरी ३ मा अमेरिकी डलर ७२.७० मा पुगेको छ (oilprice.com)। कोभिड-१९ पछि माग र आपूर्ति श्रृङ्खलामा आएको अवरोधका कारण करिब छ महिनामा तेलको मूल्यमा सामान्य वृद्धि भएको छ।


# परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को पहिलो छ महिनामा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ०.३ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.९ प्रतिशतले घटेको थियो ।

**खाद्य तथा अन्य बाली:** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो क्षेत्रफल २.९ प्रतिशतले घटेको थियो । समग्र खाद्य तथा अन्य बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै ३४.१ प्रतिशत रहेको छ । प्रमुख खाद्य बालीमध्ये मकै बालीको क्षेत्रफल २२.७ प्रतिशत र गहुँ बालीको क्षेत्रफल १७.० प्रतिशत रहेको छ । कोदो बालीको क्षेत्रफल ६ प्रतिशत र जौ बालीको क्षेत्रफल ०.५ प्रतिशत मात्र रहेको छ ।

**चार्ट ३.१ : प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल (लाख हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु ।*

**तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ६.९ प्रतिशतले बढेको छ भने बागवानीले ढाकेको क्षेत्रफल ७.३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ६.१ प्रतिशतले घटेको थियो भने बागवानीले ढाकेको क्षेत्रफल ४.९ प्रतिशतले बढेको थियो ।

**फलफूल :** समीक्षा अवधिमा फलफूल बालीले ढाकेको क्षेत्रफल १.२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल १.९ प्रतिशतले घटेको थियो ।

**मसला :** समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल १४.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल ०.५ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा कोशी, मधेश, बागमती र कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ भने गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ । तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल कोशी, मधेश, गण्डकी, लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशमा बढेको छ भने बागमती र कर्णाली प्रदेशमा घटेको छ । समीक्षा अवधिमा कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ भने मधेश,

लुम्बिनी र कर्णाली प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल घटेको छ । मसला बालीले ढाकेको क्षेत्रफल कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेश बाहेकका प्रदेशहरुमा घटेको छ । धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२६.६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.९ प्रतिशत) रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क-ख) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ८९३९२८ | ४५२९५ | २४२६३ | २८३९६ | २१.२ | १७.४ | १५.१ | ३६.२ |
| मधेश प्रदेश | ८६८१२७ | ६१६८० | ४१३६३ | १२००८ | २०.६ | २३.७ | २५.७ | १५.३ |
| बागमती प्रदेश | ५७५११६ | ४९७५७ | १८३८४ | ६२०५ | १३.६ | १९.१ | ११.४ | ७.९ |
| गण्डकी प्रदेश | ३८९८७४ | २१२४६ | १७८५७ | ७९३०.६ | ९.२ | ८.२ | ११.१ | १०.१ |
| लुम्बिनी प्रदेश | ७७२२८४ | ३८०४२ | १७४४४ | १०२७४ | १८.३ | १४.६ | १०.८ | १३.१ |
| कर्णाली प्रदेश | २७८१५५ | १८९८६ | २३३८१ | ५६८३ | ६.६ | ७.३ | १४.५ | ७.२ |
| सुदूर पश्चिम प्रदेश | ४३८६६१ | २५१६९ | १८१३१.५० | ८०२९.०० | १०.४ | ९.७ | ११.३ | १०.२ |
| **जम्मा** | ४२१६१४४ | २६०१७६ | १६०८२४ | ७८५२६ | १०० | १०० | १०० | १०० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु ।*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.२ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.६ प्रतिशत रहेको छ (तालिका ३.१) । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २३.७ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ७.३ प्रतिशत रहेको छ । फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २५.७ प्रतिशत र लुम्बिनी प्रदेशको हिस्सा सबैभन्दा कम १०.८ प्रतिशत रहेको छ । यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.२ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ७.२ प्रतिशत रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन ४.७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन २.२ प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्य बाली:** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ३.८ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो उत्पादन ३.१ प्रतिशतले बढेको थियो । समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी ३४.४ प्रतिशत रहेको छ । यसैगरी मकै र गहुँ बालीको उत्पादन समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा क्रमशः १८.६ र १३ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (लाख मे. टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

### धान बालीको उत्पादनको प्रवृत्ति

विगत दश वर्षमा समग्र देशको धान बाली उत्पादनको तथ्याङ्क देहाय बमोजिम रहेको छ । दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा समग्रमा धान बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएको देखिन्छ । सिंचाइको लागि आकासे पानीमा भरपर्नु, आधुनिक कृषि खेती तथा उन्नत विउको प्रयोगमा उल्लेख्य वृद्धि नहुनुले धान बालीको उत्पादकत्व उल्लेख्य रुपमा वृद्धि हुन सकेको छैन ।

**तालिका ३.२ धान बालीको उत्पादन**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (हजार मेट्रिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०७१/७२ | १४२६ | ४७८९ | ३.४ |
| २०७२/७३ | १३६३ | ४२९९ | ३.२ |
| २०७३/७४ | १५५२ | ५२३० | ३.४ |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५ |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८ |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८ |
| २०७७/७८ | १४७३ | ५६२२ | ३.८ |
| २०७८/७९ | १४७७ | ५१३० | ३.५ |
| २०७९/८० | १४४७ | ५४८६ | ३.८ |
| २०८०/८१ | १४३८ | ५७२४ | ४.० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**तरकारी** : समीक्षा अवधिमा तरकारी उत्पादन २.४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ४.९ प्रतिशतले बढेको थियो ।

**फलफूल** : समीक्षा अवधिमा फलफूल बालीको समग्र उत्पादन १७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ९.२ प्रतिशतले घटेको थियो ।

**मसला :** समीक्षा अवधिमा मसला बालीको समग्र उत्पादन २५.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ८.५ प्रतिशतले घटेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने मधेश, बागमती तथा कर्णाली प्रदेशमा घटेको छ। तरकारी उत्पादन कोशी , गण्डकी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने बाँकी सबै प्रदेशमा घटेको छ। फलफूल बालीको उत्पादन कोशी, मधेश, बागमती, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने गण्डकी प्रदेशमा घटेको छ। धान बालीको कुल उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २५.१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ।

**तालिका ३.३ कृषि बालीको उत्पादन**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ३८९७०५५ | ५९१९२१ | २७५०१२ | १४७५३६ | २३.४ | १७.७ | २४.८ | २७.८ |
| मधेश प्रदेश | ३४४१४१२ | ९३८९९५ | २४५१०९ | ७५४०२ | २०.७ | २८.० | २२.१ | १४.२ |
| बागमती प्रदेश | २१४९९३५ | ६३८७२५ | १४६०६२ | ३२८९० | १२.९ | १९.१ | १३.२ | ६.२ |
| गण्डकी प्रदेश | १३८३७८३ | २६४४८२ | ११८१८५ | ४४४८९ | ८.३ | ७.९ | १०.६ | ८.४ |
| लुम्बिनी प्रदेश | ३१३३६८५ | ४६४७४६ | १६६९२० | ८९३३६ | १८.८ | १३.९ | १५.० | १६.८ |
| कर्णाली प्रदेश | ८३५७०० | १५६८२८ | ७१९९६ | ६१९६१ | ५.० | ४.७ | ६.५ | ११.७ |
| सुदूर पश्चिम प्रदेश | १७९९५७७ | २९४३८८ | ८६६८९.३० | ७९१५१ | १०.८ | ८.८ | ७.८ | १४.९ |
| **जम्मा** | **१६६४११४७** | **३३५००८४** | **११०९९७३** | **५३०७६५** | १०० | १०० | १०० | १०० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु।*

खाद्य तथा अन्य बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २३.४ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.० प्रतिशत रहेको छ (तालिका ३.३)। तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ। त्यस्तै, फलफूल बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २४.८ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.५ प्रतिशत रहेको छ। मसला बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २७.८ प्रतिशत रहेको छ भने बागमती प्रदेशको हिस्सा सबैभन्दा कम ६.२ प्रतिशत रहेको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन ५.०३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा दूध उत्पादन १.६ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मासु उत्पादन १.०३ प्रतिशतले बढेको छ भने गत वर्षको सोही अवधिमा मासु उत्पादन ३.२५ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा अण्डा उत्पादन ३.६ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा अण्डा उत्पादन १०.६ प्रतिशतले घटेको थियो। यसैगरी, समीक्षा अवधिमा ऊन तथा छाला उत्पादन क्रमशः १४.२ प्रतिशत र ५६.७ प्रतिशतले बढेको छ।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ०.५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा माछा उत्पादन ६.९ प्रतिशतले बढेको थियो।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन २७.० प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन २८.६ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा काठ उत्पादन १४.७ प्रतिशतले बढेको थियो भने औषधिजन्य वस्तुको उत्पादन १५.३ प्रतिशतले घटेको थियो। त्यसैगरी, समीक्षा अवधिमा

दाउरा उत्पादन २२.३ प्रतिशतले घटेको छ भने अन्य उत्पादन ६०.० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा दाउरा उत्पादन २१.४ प्रतिशतले बढेको थियो भने अन्य उत्पादन ६६ प्रतिशतले घटेको थियो। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (क-ख) मा दिइएको छ।


**तालिका ३.४ प्रमुख पशुपन्छी तथा माछा उत्पादन**

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| कोशी प्रदेश | ३४२८५४ | ५०४८० | ९४५५२ | ५९८० | १३.८ | १४.४ | १६.७ | ९.१ |
| मधेश प्रदेश | ३७३०८१ | ८७७१६ | ४९२९४ | २५३९३ | १५.० | २५.० | ८.७ | ३८.६ |
| बागमती प्रदेश | १०५९७३५ | ५०६५१ | १३८५५९ | २६४२ | ४२.५ | १४.५ | २४.५ | ४.० |
| गण्डकी प्रदेश | १८०५०२ | ३३८८७ | ११८५४२ | ११६७३ | ७.२ | ९.७ | २१.० | १७.७ |
| लुम्बिनी प्रदेश | ३२९९३० | ६७५९६ | ८८३७६ | ७५४६ | १३.२ | १९.३ | १५.७ | ११.५ |
| कर्णाली प्रदेश | ३६५०६ | २२७६६ | १०६७२ | १८३ | १.५ | ६.५ | १.९ | ०.३ |
| सुदूर पश्चिम प्रदेश | १६८९४१ | ३७२७७ | ६४६९० | १२३९० | ६.८ | १०.६ | ११.५ | १८.८ |
| **जम्मा** | २४९१५४९ | ३५०३७२ | ५६४६८५ | ६५८०७ | १०० | १०० | १०० | १०० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु।*

दूध उत्पादनको हिस्सा बागमती प्रदेशमा सबैभन्दा बढी (४२.५ प्रतिशत) रहेको छ भने सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशमा (१.५ प्रतिशत) रहेको छ (तालिका ३.४)। मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२५ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (६.५ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (२४.५ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (१.९ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (३८.६ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (०.३ प्रतिशत) रहेको छ।

**चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा**





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

## ३.४ सिँचाई

समीक्षा अवधिमा कुल सिँचित क्षेत्रफल २.२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा कुल सिँचित क्षेत्रफल १.३ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ३५.३ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.१ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.४ : सिँचाइ क्षेत्रफलमा भएको विस्तार (लाख हेक्टरमा)**




*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु ।*

देशको कुल सिञ्चित क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २५.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.५ प्रतिशत रहेको छ (तालिका ३.५) ।

**तालिका ३.५ : सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा**


| **प्रदेश** | **क्षेत्रफल** (हेक्टरमा) | **हिस्सा** (प्रतिशतमा) |
|---|---|---|
| कोशी प्रदेश | ३१५८११ | २४.५ |
| मधेश प्रदेश | ३२५५५३ | २५.३ |
| बागमती प्रदेश | १२३२९९ | ९.६ |
| गण्डकी प्रदेश | १४९२३८ | ११.६ |
| लुम्बिनी प्रदेश | २०६९७४ | १६.१ |
| कर्णाली प्रदेश | ५७,७७८.९१ | ४.५ |
| सुदूर पश्चिम प्रदेश | १०८९८४.० | ८.५ |
| **जम्मा** | १२८७६३६ | १००.० |

*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा ४.१ प्रतिशतले घटेर रु.३ खर्ब ३० अर्ब ५६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १४.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.७३ अर्ब ६६ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सुर्तीमा रु.२७ करोड ३ लाख प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १७.४ प्रतिशत, मधेश प्रदेशको अंश १७.७ प्रतिशत, बागमती प्रदेशको अंश ३५.२ प्रतिशत, गण्डकी प्रदेशको अंश ८.६ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.२ प्रतिशत, कर्णाली प्रदेशको अंश १.४ प्रतिशत र सुदूर पश्चिम प्रदेशको अंश ४.७ प्रतिशत रहेको छ (अनुसूची ६-क र ख) ।

**चार्ट ३.५ : कृषि कर्जाको प्रदेशगत हिस्सा**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९ पुस ।*

## ३.६ सहुलियतपूर्ण कृषि कर्जा

२०८० पुस मसान्तसम्म सहुलियतपूर्ण कर्जातर्फ १ लाख ३३ हजार १ सय ७४ ऋणीलाई रु.१ खर्ब ५५ अर्ब ४० करोड ऋण प्रवाह भएको छ। यस अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ५२ हजार ८ सय ७२ ऋणीलाई रु.१ खर्ब ४ अर्ब ७२ करोड कर्जा बक्यौता रहेको छ। अन्य बाँकी शीर्षक अन्तर्गत ८० हजार ३ सय २ ऋणीको रु.५० अर्ब ६७ करोड कर्जा बक्यौता रहेको छ।

**तालिका ३.६ : सहुलियतपूर्ण कर्जाको विवरण**

| कर्जा प्रकार | ऋणी संख्या | | | कर्जा रकम (रु.दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७८ पुस | २०७९ पुस | २०८० पुस | २०७८ पुस | २०७९ पुस | २०८० पुस |
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | ६०,५४५ | ६१,०५६ | ५२,८७२ | १३९,२३४.१ | १४१,२१३.४ | १०४,७२६.८ |
| शिक्षित युवा स्वरोजगार कर्जा | १५७ | १६९ | १५३ | ७६ | ४९ | ३०.७ |
| विदेशवाट फर्केका युवा परियोजना कर्जा | ९५२ | ९२९ | ८३४ | ५६४ | ४९६ | ३३९.५ |
| महिला उद्यमशील कर्जा | ८४,००१ | ८४,४१३ | ७७९१८ | ७०,९९६.१ | ६५,८४८.७ | ४८,६०२.२ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | १,०९७ | १,०७० | ९४९ | ५८२ | ५१६ | ३६४.९ |
| उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | १४८ | १३० | ११३ | ३७ | ३४ | २७.६ |
| भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा | २०८ | २१९ | १६३ | ३२ | ५४ | ११.० |
| कपडा उद्योग सञ्चालन | २५५ | ३१९ | १२५ | २,३५८.५ | २,२२९.६ | १,२७५.० |
| CTEVT मान्यता प्राप्त सदस्यबाट लिइने तालिम | २ | २ | २ | ० | ० | ०.१ |
| युवा स्वरोजगार कर्जा | २८ | ३५ | ४५ | ९ | ११ | २४.३ |
| **जम्मा** | **१४७,३९३** | **१४८,३४२** | **१३३,१७४** | **२१३,८८९.३** | **२१०,४५२.०** | **१५५,४०२.२** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९ ।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

कृषि क्षेत्रका अधिकांश चुनौतीहरु विगतका प्रवृत्तिसँग यथावत नै रहेका छन् । यसका साथै जलवायु परिवर्तनले निम्त्याएको बढ्दो तापक्रम, खडेरी, अनिश्चित वर्षा, पहिरो, बाढी, असिना जस्ता प्रकोपहरुले कृषि चक्रमा पारेको प्रभावलाई व्यवस्थापन गर्दै सो चक्रलाई पहिचान गरी परिवर्तित चक्र अनुसारको खेती गर्नु हाल नयाँ चुनौतीको रुपमा देखिएको छ । कृषि तथा गैरकृषि जमीनलाई वर्गीकरण गर्ने अधिकार स्थानीय तहलाई दिँदा खेतीयोग्य, समथर र उर्वर भूमिलाई घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकाले कृषि योग्य जमिनलाई सोही अनुरुप वर्गीकरणमा राख्नु चुनौतीपूर्ण रहेको छ । यसैगरी कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायहरुको स्रोत र साधनको व्यवस्थापन गरी एकद्वार प्रणालीमार्फत् यर्थाथ तथ्याङ्क प्राप्त गर्न आवश्यक संयन्त्र तथा प्रविधि विकास गर्नुका साथै आवश्यकता अनुसारको कृषि तथा भेटेरिनरी शिक्षाको विकास गरी आगामी पुस्तालाई यस पेशातर्फ आकर्षित गर्नु चुनौतीपूर्ण रहेको छ । आयातित र उत्पादित कृषिजन्य वस्तुको गुणस्तर परिक्षण पश्चात् मात्र बजारमा पठाउने व्यवस्था गर्ने तथा भारतबाट हुने खुल्ला कृषि सामाग्री आयातलाई नियन्त्रण गर्नु पनि चुनौतीपूर्ण रहेको छ । आवधिक योजनाले पहिचान गरेको समस्यालाई सुल्झाउँदै कृषि क्षेत्रमा अवसरहरु सृजना गर्नु चुनौतीपूर्ण रहेको छ ।

यी बाहेक प्रदेशगत रुपमा रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.७ मा उल्लेख गरिएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • कृषिजन्य उत्पादनहरुमा किसानहरुले अव्यवस्थित रुपमा विषादी तथा रासायनिक मलको प्रयोग गर्ने गरेकाले यसले मानव स्वास्थ्यमा पुऱ्याउने हानीका बारेमा किसानहरुलाई सूसुचित गरी अर्गानिक उत्पादनका लागि प्रोत्साहन गर्नु ।<br>• यस प्रदेशमा लामो समयदेखि दुध उत्पादन गर्ने किसानहरुले उद्योगहरुबाट दुधको भुक्तानी नपाएकाले गाईपालन व्यवसायप्रति बढ्दै गएको वितृष्णालाई कम गर्न समयमै भुक्तानी पाउने वातावरण सिर्जना गर्नु ।<br>• यस प्रदेशका पहाडी जिल्लाहरुमा बाटो निर्माणका क्रममा सिँचाइको मुख्य स्रोत कुलोहरु बिग्रिएर सिँचाइ सेवा अवरुद्ध भएकोले उक्त कुलोहरुलाई पुन सुचारु गर्नु ।<br>• Global Warming का कारण समयमा वर्षा नभएका कारण विभिन्न कृषि बालीको उत्पादनमा असर परेकोले उक्त बालीहरुका लागि सिँचाइको वैकल्पिक स्रोतको व्यवस्था गर्नु । |
| मधेश प्रदेश | • मधेश प्रदेशको सम्पूर्ण कृषियोग्य जग्गालाई उपयोगमा ल्याउनु, र कृषि क्षेत्रको उत्पादकत्व बढाउनु ।<br>• कृषि तथा पशु क्षेत्रमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न कृषि तथा पशु सेवा बिमा लागु गर्नु ।<br>• रौतहट जिल्ला धानको बिउ जोनको रुपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएतापनि भारतबाट कमसल प्रकारका बीउको अनधिकृत रुपमा आयात हुने क्रमलाई निरुत्साहित गर्दै उन्नत बिउबिजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु । |
| बागमती प्रदेश | • समयमै यथार्थपरक मौसम पुर्वानुमान हुन नसक्नु तथा यस सम्बन्धी प्रभावकारी सूचना सम्प्रेषण हुन नसकेकोले कृषि उपजलाई समयमानै भण्डारण तथा बजारीकरण गर्ने कार्यमा चुनौति रहेको । |

| | |
|---|---|
| | • पोल्ट्री व्यवसायमा उच्च लागतका कारण कुखुरा तथा चल्ला उत्पादनमा ह्रास आएकोले उत्पादनको उचित मूल्य प्रदान गरी व्यवसायलाई पुर्नस्थापित गर्नु ।<br>• आयात गरिएको तरकारी तथा फलफूलको विषादी परिक्षणलाई विस्तारित र नियमित गरी गुणस्तरीय र रसायनमुक्त तरकारी तथा फलफूल उपलब्ध गराउनु । |
| गण्डकी प्रदेश | • कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत विउ, प्रविधि, सिंचाइ, विद्युत, प्राविधिक सेवा दिगो र सर्वसुलभ रुपमा उपलब्ध गराउनु, खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु ।<br>• सुलभ ब्याजदरमा कृषि ऋणको उपलब्धता, उत्पादन तथा प्रतिफलमा आधारित अनुदान तथा उत्पादित कृषि उपजको बजारीकरण गर्नु । साथै, कृषि पेशा तथा पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गर्नु तथा यस क्षेत्रमा युवाको आकर्षण बढाउनु । |
| लुम्बिनी प्रदेश | • कृषि श्रमिकहरु कृषि पेशामा आंशिक रुपमा मात्र संलग्न हुने अवस्था रहनुका साथै, यातायात लगायतका कृषि पूर्वाधारको विस्तार गरी कृषि उत्पादन लागत न्यूनीकरण गर्दै प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु ।<br>• पशुपालनतर्फ नश्ल सुधार गरी उन्नत पशु सङ्ख्या वृद्धि गर्नु तथा पशुपंक्षी दानाको सुलभ मूल्यमा उपलब्धता गराई पशुपंछीजन्य उत्पादनको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु ।<br>• दुध, तरकारी, फलफूल लगायतका कृषि उपजहरु लामो समयसम्म टिकाई उचित प्रतिफल प्राप्त गर्नु । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेशका स्थानीय, रैथाने तथा लोपोन्मुख बालीहरु जस्तै कागुनो, कुरिलो, मार्सी धान आदिको संरक्षण र प्रवर्दन गर्नु ।<br>• सीमित स्रोत साधन, कृषि कर्जा, बीमा, प्रविधि, ज्ञान, सीपको समुचित प्रयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु तथा समग्र कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउनु । |
| सुदूरपश्चिम प्रदेश | • चाहिएको समय र परिमाणमा गुणस्तरीय बीउबीजन र मलखाद उपलब्ध गराई सो सम्बन्धी आपूर्ति प्रणाली सुदृढीकरण गर्दै स्वदेशमै उत्पादित बीउ र मलखादको प्रवर्द्धन मार्फत् आत्मनिर्भरता बढाउनु । साथै विषादीहरुको जथाभावी प्रयोग न्यूनीकरण गर्न आवश्यक रहेको ।<br>• सक्रिय श्रमशक्तिलाई प्रदेश भित्रै कृषि व्यवसायमा संलग्न गराई सक्षम वातावरण सिर्जना मार्फत् बसाईंसराइ कम गर्ने कार्य चुनौतीपूर्ण रहेको । |

### ३.७.२ सम्भावना

नेपाल सरकारले डिजिटल स्वयल म्याप (Digital Soil Map) कार्यक्रम अघि बढाई माटो परिक्षणको विवरण अद्यावधिक गरी माटोको गुणका आधारमा बालीमा प्रयोग हुने मलखाद तथा पोषण सिफारिस गर्ने कार्य भइरहेकोले उत्पादकत्व वृद्धि हुने सम्भावना रहेको छ । साथै, सरकारले सामुहिक तथा चक्लाबन्दी खेतीको प्रोत्साहन गरेकोले कृषकहरु व्यवसायिक कृषितर्फ उन्मुख हुने सम्भावना रहेको छ । साथै, भौगोलिक विविधतालाई समेत ध्यानमा राखी विभिन्न क्षेत्र एवं स्थानहरुमा माटो परीक्षण गरि उक्त माटोको लागि सुहाँउदो किसिमको बिउ बिजनको विकास गरी कृषि उपजको उत्पादन बढाउन सकिने सम्भावना रहेको छ । कृषि र उद्योग क्षेत्रलाई जोड्न Farm to Industry तथा Farm to Service को अवधारणा ल्याई कृषि उत्पादन तथा कृषिमा आधारित उद्योगको उत्पादन बढाउन सकिने तथा होटल रेष्टुरेन्टमा पनि स्वदेशी कृषि उपजको उपयोग बढ्ने सम्भावना रहेको छ । High Value Crop तथा रैथाने उत्पादनलाई जैविक कृषि उत्पादन तथा प्रमाणीकरण गर्न सके तुलनात्मक लाभ भएका कृषि उत्पादन बढ्ने र निर्यात हुने सम्भावना

रहेको छ। ग्रामीण क्षेत्रलाई कृषि उपजको उत्पादन केन्द्र र शहरलाई कृषि उपजको बजार तथा उपभोग केन्द्रको रुपमा विकास गरी ग्रामीण शहरबीचको आबद्धता (Rural Urban Linkage) बढाउने, इ-कमर्शमार्फत् Niche Marketing गर्ने, कृषि उपजलाई प्रशोधन गरी निर्यात गर्ने जस्ता रणनीतिहरु अबलम्बन गर्न सके कृषि उपजको प्रभावकारी बजारीकरण गर्न सकिने सम्भावना रहेको छ।

यसबाहेक प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ३.८ मा पस्तुत गरिएको छ।

**तालिका ३.८ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • अन्न भण्डारको रुपमा रहेको यस प्रदेशका तराईका जिल्लाहरुमा कृषकहरुको बोरो धान खेतीप्रति आकर्षण बढेसँगै बिउ, मल तथा सिँचाइको उचित प्रवन्ध गर्न सके धानको उत्पादनमा उल्लेख्य वृद्धि हुने।<br>• दुधकोशी र अरुण नदी किनार क्षेत्रमा बाँसरोपण गरी आम्दानीको स्रोत बढाउन सकिने।<br>• रुद्राक्ष प्रशोधनका लागि यान्त्रिक प्रविधि भित्राउनुका साथै जडिबुटी भण्डारण गृह निर्माण गरी बढी लाभ लिन सकिने।<br>• ग्रामीण विद्युतीकरणसँगै प्रदेशका पहाडी जिल्लाका सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ प्रविधिबाट खानेपानी तथा सिँचाइ सुविधामा विस्तार हुनसक्ने। |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजारको पनि उच्च सम्भावना रहेको छ।<br>• एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र कार्यक्रम मार्फत् कृषिको उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ।<br>• मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेतीसमेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दूधजन्य पदार्थको उत्पादन बढाई कुल गार्हस्थ्य उत्पादनमा योगदान पुर्‍याउन सकिने प्रचुर सम्भावना रहेको छ। |
| बागमती प्रदेश | • हाल दुधको उत्पादनमा वृद्धि भई काभ्रे, चितवन लगायतका जिल्लाहरुमा Milk Holiday समेत भईरहेको सन्दर्भमा घरायसी, सरकारी तथा गैरसरकारी संस्थाहरुमा कम्तिमा हल्का पेयपदार्थको सट्टामा दुग्धजन्य पेयपदार्थ उपभोगमा जोड दिन सकिएमा स्थानीयस्तरमा उत्पादित दुधले बजार पाउनाको साथै यस पेशाप्रति युवाहरु समेत आकर्षित हुने संभावना देखिन्छ।<br>• पहाडी जिल्लाहरुमा मुख्यतया तरकारी तथा फलफुल खेतीको सम्भावना रहेको परिप्रेक्ष्यमा हरेक स्थानीयस्तरले शीत भण्डारको निर्माण गरी बजारीकरण गर्न सकेमा फलफूल तथा तरकारीको उत्पादन वृद्धि गराउन सकिने सम्भावना रहेको। |
| गण्डकी प्रदेश | • जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शीघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ।<br>• प्रदेश तथा स्थानीय सरकारले कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणका लागि आवश्यक सहजीकरण गर्न सके उत्पादित वस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको देखिन्छ। |
| लुम्बिनी प्रदेश | • स्थानीय निकायहरुको रैथाने बाली प्रवर्द्धन कार्यक्रमले रैथाने बाली उत्पादनको उच्च सम्भावना रहेको। |

| | |
|---|---|
| | • यस प्रदेशका पहाडी जिल्लाहरुमा रहेका खोलाहरुमा ट्राउट माछापालनको उच्च सम्भावना रहनुका साथै तराई क्षेत्रमा पोखरी विस्तार कार्यक्रमले अन्य माछाको उत्पादन वृद्धि हुने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएको हुँदा यसको विकास तथा प्रवर्द्धनका लागि अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्राङ्गारिक कृषिको विस्तार गर्न सकिने ।<br>• स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै स्वदेशमै रोजगारी प्रदान गर्न सकिने सम्भावना रहेको ।<br>• कृषि उपजको मूल्य निर्धारण व्यवहारिक भई सहज बजारको पहुँचपुग्न सकेमा कृषकहरुलाई थप प्रोत्साहित गर्दै यस क्षेत्रमा कृषि उद्यमको विकास गरी रोजगारीको वृद्धि गर्न सकिने उच्च सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेलधुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।<br>• बगर खेती, जैविक खेती, बनस्पती खेती, कुरिलो, घ्यूकुमारी, अमला, बेल, रुद्राक्ष जस्ता बनस्पति खेतीलाई प्रोत्साहन गरी युवा लक्षित कृषि कार्यक्रमहरु प्रोत्साहन गर्न सकिने । |

## बक्सः १ सावित्रा बाखा फर्म

वि.सं. २०७० सालमा ५० हजार रुपैंयाको लगानीमा २ वटा बाखाबाट रंगेली नगरपालिका - ८ दर्बेशामा सावित्रा बाखा फर्म सञ्चालनमा आएको हो । सप्तकोशी डेभलपमेण्ट बैंकबाट ८ लाख रुपैंया ऋण लिई व्यवसयाय विस्तार गरेको फर्ममा हाल २०० भन्दा बढी उन्नत जातका बाखा, बोका, खसी र पाठापाठी रहेका छन् । फर्म सञ्चालक फणिन्द्र सुवेदीका वैदेशिक रोजगारीमा रहेका छोराहरु पनि फर्मले उल्लेखनिय प्रगति गरेपछि हाल स्वदेश फर्किएर फर्ममै कार्यरत हुनुहुन्छ । वैदेशिक रोजगारीका क्रममा गरिने परिश्रम आफ्नै फर्ममा गर्दा वैदेशिक रोजगारीबाट हुने भन्दा बढी आम्दानी हुने देखेर स्वदेश फर्किएको उहाँहरु बताउनुहुन्छ ।





फर्ममा यहि वर्षबाट १५ माउ होलिस्टेन जातका दुहुना गाई पनि थप गरिएको छ । १० कट्ठा क्षेत्रफलमा खोर तथा गोठ निर्माण गरेको फर्मले ४ बिघामा घाँस खेती गरेको छ । आफ्नै जग्गा, १ करोड स्वलगानी र १ करोड ५० लाख ऋण लगानीमा सञ्चालनमा रहेको फर्मले ९ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ । उन्नत जातको तीन महिनाको एउटा पाठी न्युनतम २० हजारमा बिक्रि हुन्छ । त्यसैगरी, बिउको लागि बोका जातिय शुद्धताका आधारमा प्रति केजी रु. एक हजार देखि रु. दुई हजारको हिसाबले र खसी जिउँदो प्रति केजी रु. छ सयका दरले फर्मबाटै बिक्रि हुन्छ । माउ बाखा जिउँदो प्रति केजी रु. आठ सय देखि रु.एक हजार दुईसय सम्मका दरले बिक्रि हुने गरेको छ । फर्मबाट दैनिक २०० लिटर दुध उत्पादन भईरहेकोमा १८० लिटर डेरीले र २० लिटर स्थानियले रु.५५ प्रति लिटरका दरले फर्मबाटै खरिद गरिरहेका छन् । फर्मबाट उत्पादन हुने पाठापाठी तथा बोकाहरुको मुख्य ग्राहक कृषक, संघसंस्था, नयाँ फर्म तथा पालिकाहरु रहेका छन् भने खसी मासु व्यापारीले खरिद गर्ने गरेका छन् । फर्मको औसत मासिक आम्दानी रु. ६ लाख ३० हजार र औसत मासिक खर्च रु. ४ लाख रहेको छ । स्वरोजगार जनशक्तिको पारिश्रमिक समेत कटाएर फर्मले मासिक रु.१ लाख भन्दा बढी नाफा कमाइरहेको छ । फर्मको उत्पादनको बजारीकरणमा हालसम्म समस्या देखिएको छैन । फर्मले पाठापाठी तथा बोका बिक्रिबाट कोभिडको समयमा सबैभन्दा बढी आम्दानी गरेको देखिन्छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले फर्मलाई प्राविधिक परामर्श प्रदान गर्दै आइरहेको छ । पशुहरुलाई आवश्यक पर्ने कतिपय खोपको अभाव हुने गरेको देखिन्छ भने किसानहरुले आवश्यक तालिमको अवसर पाउने गरेको देखिदैन । वास्तविक किसानले नभई कागजी किसानले अनुदान पाइरहेकाले अनुदानलाई उत्पादनसँग जोड्नुका साथै उत्पादनका आधारमा व्याजमा अनुदान दिएर कृषि तथा पशुपालनमा प्रवाह हुने कर्जाको व्याजदर एकल बिन्दुमा राखेमा व्यावसायिक कृषि तथा पशुपालनमा आकर्षण बढ्न गई उत्पादनमा वृद्धि हुने फर्म सञ्चालकको राय रहेको छ । उन्नत जातका गाई तथा बाखाको मूल्य लाखौं पर्ने तर बीमा कम्पनीहरुले लागत बराबरको बीमा नगर्ने भएकोले व्यवसायमा जोखिम रहेको देखिन्छ । भारतीय खसी बोकाको अवैध आयात तथा तस्करीले पनि व्यावसायीलाई हतोत्साहित गरेको देखिन्छ ।

*स्रोतः स्थलगत सर्वेक्षण*

## बक्स २: नुवाकोटको किस्पाङ्गमा सिताके च्याउ फर्म

नुवाकोट जिल्लाको किस्पाङ्ग गाउँपालिका वडा नं. ३ मा रहेको किस्पाङ्ग ग्रिनहाउस एग्रिकल्चर फार्म प्रा.लि. नेपालको सिताके च्याउ खेतीको राम्रो उदाहरणको रुपमा देखिन्छ । सञ्चालक श्री राहुल लामाले २०७२ सालमा यस फर्मको स्थापना गरी ७ रोपनी क्षेत्रफलमा सिताके च्याउ खेती गर्दै आएका छन् । सिताके च्याउ पौष्टिकतामा भरिपुरहुनुका साथै यसमा शरिरलाई आवश्यक पर्ने प्रोटिन, मिनिरल्स (पोटासियम, मेङगानिज, मेग्नेसियम, आइरन तथा फोसफोरस), भिटामिन्स (प्रो भिटामिन डि-२, बि-१,२,१२ आदि) र फ्याट्टि लिभर बढ्न नदिने पोषण तत्वको मात्रा पर्याप्त रुपमा रहेकोले यसको बजार माग बढ्दो क्रममा रहेको छ । स्वास्थ्यको दृष्टीकोणले पनि निकै राम्रो मानिने हुनाले नेपालका विभिन्न जिल्लादेखि लिएर भारतबाट समेत यो च्याउको माग बढिरहेको छ ।



*तस्विर स्रोत : सञ्चालक श्री राहुल लामाद्धारा उपलब्ध गराइएको ।*

२०७२ सालमा परम्परागत तरिकाले सिताके च्याउको खेती गर्दै आएका लामाले २०७७ सालमा चीनबाट सिताके च्याउ खेतीसम्बन्धी १६ दिने व्यवसायिक तथा आधुनिक तालिम लिएर आए पश्चात् नेपालमै आधुनिक प्रविधिबाट सिताके च्याउको खेती गर्ने योजना सहित उत्पादनका लागि आवश्यक आधुनिक प्रविधि समेत चीनबाटै खरिद गरी २०७७ सालबाट सिताके च्याउको आधुनिक कृषि खेतीको शुरुवात गरेका थिए । एकल सञ्चालक रहेका लामाले रु.१ करोड ५० लाखको प्रारम्भिक चुक्ता पुँजीमा यस व्यवसाय शुरु गरेका थिए । सो रकम जुटाउन उनले बाणिज्य बैंकबाट करिव रु.२५ लाख कृषि सहुलियत कर्जा तथा व्यवसायकै क्रममा कृषि ज्ञान केन्द्रबाट रु.१० लाखको कृषि अनुदान रकम पनि प्राप्त गरेका छन् । लगानीको ठूलो हिस्सा भने टनेल, ग्रिनहाउस निर्माण तथा प्रविधि खरिदका लागि प्रयोग गरिएको थियो । सिताके च्याउको खेती गर्न १४ देखि १९ डिग्रीको तापक्रम उपयुक्त रहने भएकाले लामाले उक्त तापक्रम कायम गर्न रु.२५ लाखको एयर कन्डिसनरको व्यवस्था गरेका छन् । च्याउ उत्पादन तथा प्रवर्द्धनका लागि थप रु.२ देखि ३ करोड सम्मको लागत आवश्यक रहेको व्यवसायी लामाले जानकारी दिनुभयो ।

सञ्चालक लामाले व्यवसाय शुरु गरेको एक वर्षमा नै करिव २ टनसम्मको सिताके च्याउको उत्पादन गरी रु.१२ लाखको कारोवार गरेका थिए । आवश्यक पोषण तत्वसहितको गुणस्तरीय सिताके च्याउको खेतीको लागि नेपाली भूमी अत्यन्तै राम्रो मानिएकाले भारतबाट करिव ५ टनसम्मको नेपाली सिताके च्याउको माग आउने गरेता पनि सो माग पूर्ति गर्न नेपाली कृषकहरु असक्षम रहेको व्यवसायीले जानकारी गराए । नेपालमा सिताके च्याउको आधुनिक खेती तथा सोको उचित प्रवर्द्धनका लागि प्रविधिको प्रयोग अत्यन्तै जरुरी रहेको र सो प्रविधि खरिद गर्न पर्याप्त लगानीको श्रोत सुनिश्चित गर्न चुनौती रहेको छ । सिताके च्याउको खेतीका लागि उपयुक्त मानिने उतिस र कटुसको एउटै मुढाको तौल करिव १०० के.जी हुने गरेको तथा उत्पादनका क्रममा मुढालाई ओसारपसार गर्दा शारिरिक बल पर्ने गरेको छ । प्रविधिमा आधारित नहुँदा शारिरीक बल पर्ने भएकोले सो कार्यमा संलग्न हुन बजारमा उपलब्ध जनशक्ति इच्छुक नदेखिएको समस्या समेत रहेको छ ।

सिताके च्याउको आधुनिक प्रविधियुक्त खेती गर्न, सोको प्रवर्द्धन तथा व्यवस्थापन गरी उचित बजारीकरण गर्न नेपाल सरकार तथा सरकारी निकायहरु जस्तै कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र लगायतका संस्थाहरुले आवश्यक सहुलियत, भण्डारण तथा बजारको व्यवस्था सुनिश्चित गरी बैंक तथा वित्तीय संस्थाले कृषि लगानीमा सहुलियत प्रदान गरेमा नेपालमा आधुनिक कृषिको भविष्य रहेको उनी बताउँछन् ।

*स्रोत: स्थलगत सर्वेक्षण*

# परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ प्रदेश अनुसार उद्योगको विवरण

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा देशभर साना, मझौला र ठूला गरी थप २ सय ९ उद्योगहरु उद्योग विभागमा दर्ता भएका छन् । उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा बागमती प्रदेशमा सबैभन्दा बढी (१४९) उद्योग दर्ता भएका छन् भने सुदुरपश्चिम प्रदेशमा ५ उद्योग दर्ता भएका छन् । कर्णाली प्रदेशमा कुनै पनि उद्योग दर्ता भएका छैनन् । समीक्षा अवधिमा दर्ता भएका २ सय ९ उद्योगहरुले ११ हजार ८ सय ५० जनालाई रोजगारी दिएका छन् (तालिका ४.१) ।

**तालिका ४.१: आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पुंजी (रु अर्बमा) | कुल स्थिर पुंजी (रु अर्बमा) | चालु पुंजी (रु अर्बमा) | रोजगारी |
|---|---|---|---|---|---|
| कोशी प्रदेश | १५ | ३८.२५ | ३६.८८ | १.३७ | १४७० |
| मधेश प्रदेश | ८ | १.६८ | १.३३ | ०.३६ | ५८४ |
| बागमती प्रदेश | १४९ | ३६.०६ | २१.९९ | १४.०७ | ७३१५ |
| गण्डकी प्रदेश | २० | २७.५५ | २६.२० | १.३५ | ७०६ |
| लुम्बिनी प्रदेश | १२ | ७.७४ | ६.४९ | १.२५ | १०८१ |
| कर्णाली प्रदेश | ० | ०.०० | ०.०० | ०.०० | ० |
| सुदूरपश्चिम प्रदेश | ५ | ०.९६ | ०.८९ | ०.०७ | ६९४ |
| **कुल** | **२०९** | **११२.२४** | **९३.७७** | **१८.४६** | **११८५०** |


*स्रोत : उद्योग विभाग*

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका १५४ उद्योगको औसत क्षमता उपयोग ४२.९४ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४२.४७ प्रतिशत रहेको थियो । सर्वेक्षणमा समेटिएका उद्योगमध्ये बिजुलीको क्षमता उपयोग ९७.५ प्रतिशत, सुर्तीजन्य वस्तुको क्षमता उपयोग ८८.९ प्रतिशत, पिठोको क्षमता उपयोग ७९.१ प्रतिशत र प्रशोधित चियाको क्षमता उपयोग ७३.९ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

अध्ययनले समेटेका उद्योगहरुमध्ये चामल, गहुँको पिठो, मदिरा, चुरोट, कच्चा छाला, रोजिन, ट्याब्लेट, क्याप्सुल, ओइन्टमेन्ट, लिक्विड, कंक्रिट, फलामको छड तथा पत्ति तोरीको तेल, स्टिलजन्य उत्पादन, जि. आई तार, बिजुलीका तार र केबुल, टायर तथा ट्यूव, कपडाको जुत्ता, चप्पल, बिजुली आदिको क्षमता उपयोग बढेको छ भने वनस्पती घ्यू, भटमासको तेल, प्रशोधित दुध, पशुदाना, बिस्कुट, चिनी, चकलेट, चाउचाउ, प्रशोधित चिया, वियर, हल्का पेय पदार्थ, धागो, सिन्थेटिक कपडा, पश्मिना, गार्मेन्ट, जुटका सामान, प्रशोधित छाला, चिरेको काठ, कागज, साबुन, प्लाष्टिकका सामान ईटा, सिमेन्ट, जि.आई.पाईप, आल्मुनियम उत्पादन आदिको क्षमता उपयोग घटेको छ ।

**चार्ट ४.१: प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु*

*नोट : विभिन्न स्रोतहरुबाट तत्कालिन अवस्थाको तथ्याङ्क संकलन गरिएको कारण प्रकाशित तथ्याङ्क अद्यावधिक तथ्याङ्कसँग मेल नहुनसक्ने ।*


प्रदेशगत रुपमा हेर्दा उद्योगको क्षमता उपयोग कर्णाली प्रदेशमा सबैभन्दा बढी (५०.६ प्रतिशत) र मधेश प्रदेशमा सबैभन्दा कम (३१.२) प्रतिशत रहेको छ ।

कोशी प्रदेशमा वनस्पति घ्यू तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, फलामको छड तथा पत्ति, सिमेन्ट, साबुन लगायतको उत्पादन प्रमुख रहेको छ भने मधेश प्रदेशमा वनस्पती घिउ तथा तेल, हल्का पेय पदार्थ, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति, स्टिलजन्य उत्पादन, अन्य रासायनिक पदार्थ; बागमती प्रदेशमा प्रशोधित दूध, पशुदाना, चाउचाउ, चुरोट, पेय पदार्थ, रसायनिक पदार्थ, पश्मिना, तयारी पोशाक, औषधि, सिमेन्ट, जुत्ता; गण्डकी प्रदेशमा विस्कुट, चाउचाउ, पेय पदार्थ, रसायनिक पदार्थ, सिमेन्ट; लुम्बिनी प्रदेशमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट, कंक्रिट, बिजुलीका तार र केबुल, फलामको छड तथा पत्ति, पशुदाना; कर्णाली प्रदेशमा चिरेको काठ, प्रशोधित दुध र सुदूरपश्चिम प्रदेशमा गहुँको पिठो, साबुन, चिनी, रोजिन लगायतका वस्तुको उत्पादन हुने गरेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ४.२ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ९९ अर्ब ५९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६.९ प्रतिशतले घटेको थियो । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २९.९ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा ०.८ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा २०.१ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३९.६ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा ११.९ प्रतिशत, विद्युत् ग्यास तथा पानीसम्बन्धी उद्योगमा २२.३ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ५.१ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट ४.२: औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा कोशी प्रदेशमा १.५ प्रतिशत, बागमती प्रदेशमा ७.८ प्रतिशत र लुम्बिनी प्रदेशमा १.१ प्रतिशतले वृद्धि भएको छ भने मधेश प्रदेशमा १.१ प्रतिशत, गण्डकी प्रदेशमा २६.६ प्रतिशत, कर्णाली प्रदेशमा ३७.४ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा १३.४ प्रतिशतले घटेको छ ।

सम्बन्धित प्रदेशमा रहेका बैंक तथा वित्तिय संस्थाहरुबाट भएको लगानीका आधारमा औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.९ खर्ब ७३ अर्ब ५६ करोड (६९.५६ प्रतिशत) कर्जा लगानी रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.३ अर्ब ३० करोड कर्जा (०.२४ प्रतिशत) लगानी रहेको छ (तालिका ४.२) ।


**तालिका ४.२ : प्रदेशगत औद्योगिक कर्जा**

| प्रदेश | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| कोशी प्रदेश | १२९,८३२.१७ | ९.२८ |
| मधेश प्रदेश | ११२,७५८.६६ | ८.०६ |
| बागमती प्रदेश | ९७३,५६६.२२ | ६९.५६ |
| गण्डकी प्रदेश | २९,२८८.८५ | २.०९ |
| लुम्बिनी प्रदेश | १२५,६२२.४१ | ८.९८ |
| कर्णाली प्रदेश | ३,३०२.११ | ०.२४ |
| सुदूरपश्चिम प्रदेश | २५,२२९.४० | १.८० |
| **कुल** | **१,३९९,५९९.८२** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको हिस्सा ९.२८ प्रतिशत, मधेश प्रदेशको ८.०६ प्रतिशत, बागमती प्रदेशको ६९.५६ प्रतिशत, गण्डकी प्रदेशको २.०९ प्रतिशत, लुम्बिनी प्रदेशको ८.९८ प्रतिशत, कर्णाली प्रदेशको ०.२४ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा प्रवाहित कर्जाको हिस्सा १.८० प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

चार्ट ४.३: औद्योगिक कर्जामा प्रदेशगत हिस्सा (प्रतिशतमा)




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.४.१. चुनौती

औद्योगिक पूर्वाधार एवं मानव संसाधनको विकास गर्नु, औद्योगिक उत्पादन एवं उत्पादकत्व वृद्धि गर्नु, स्वदेशी उत्पादनको स्तर वृद्धि गर्नु, निर्यातयोग्य वस्तुहरुको विविधीकरण गर्नु, बढ्दो आयातका कारण स्वदेशी उद्योग प्रतिस्थापन हुनबाट संरक्षण गर्नु, उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी पुँजी र प्रविधि आकर्षण गर्नु, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणलाई तीब्रता दिनु, उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्नु, अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु, स्वदेशी श्रमशक्तिको दक्षता अभिवृद्धि गर्नु, जनशक्ति पलायनको क्रमलाई रोकी उद्योगतर्फ आकर्षित गर्नु, कृषिजन्य तथा अन्य औद्योगिक उत्पादनको लागि आवश्यक कच्चा पदार्थको आन्तरिक उत्पादन वृद्धि गरी समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु, उद्योगहरुबाट निस्कने फोहर तथा प्रदुषणबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असरलाई कम गर्नु आदि उद्योग क्षेत्रमा देखिएका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**तालिका ४.३ : उद्योग क्षेत्रका प्रदेशगत चुनौतीहरु**

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • उद्योगहरु कच्चा पदार्थका लागि भारतसँग निर्भर रहनु र भारतले कच्चा पदार्थको निर्यातमा करको दर परिवर्तन गर्दा उद्योग प्रभावित हुनु ।<br>• उद्यमीहरुले उत्पादन गरेको चिया अगार्निक भएतापनि प्रमाणीकरण गर्न नसकेकाले सस्तो मूल्यमा निर्यात गर्नुपर्ने बाध्यता रहेकोमा नेपालमै अर्न्तराष्ट्रिय स्तरको ल्याव स्थापना गरी उद्योगहरुलाई अगार्निक चिया उत्पादनका लागि प्रोत्साहन गर्नु । चियाको निर्यात भारतीय बजारमा मात्र केन्द्रित हुँदा बजार जोखिम उच्च रहनु ।<br>• भन्सार छली यस प्रदेशका बजारहरुमा भित्रिएका वस्तुहरुसँग नेपाली बेभरेज, केमिकल लगायतका उद्योगहरुका उत्पादनले प्रतिस्पर्धा गर्न नसकी रहेको |

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| | सन्दर्भमा भन्सार छली नियन्त्रण गरी यस क्षेत्रमा रहेका उद्योगहरुको संरक्षण र प्रवर्द्धन गर्नु । |
| मधेश प्रदेश | • ठूला आकारका औद्योगिक क्षेत्रहरु (Industrial Zone)को निर्माण गर्न जग्गा अधिग्रहण गर्नु र तीव्र दरमा बढी रहेको जग्गाको खण्डीकरण रोक्नु,<br>• श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षैभरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु तथा उत्पादनको लागत घटाउनु ।<br>• औद्योगिक नीतिले प्रदान गरेकाेा सुविधा अनुरुप हुने गरी कर नीति लागू गरी औद्योगिक लगानी प्रवर्द्धन र औद्योगिक क्षेत्रको संरक्षण गर्नु । |
| बागमती प्रदेश | • औषधिजन्य तथा अन्य उद्योगहरुबाट सिर्जित फोहोर तथा पानी व्यवस्थापन गर्नु ।<br>• जनशक्तिलाई औद्योगिक सीपको विकास गरी उद्योगको स्थापना गर्न प्रोत्साहित गर्नुका साथै बेरोजगारहरुलाई विभिन्न रोजगारीमुलक तथा सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगार बनाउनु ।<br>• घना बस्ती तथा बढ्दो जनघनत्वका कारण ठूला शहरहरुमा फोहोर तथा पानी व्यवस्थापन गर्न कठिन हुनु । |
| गण्डकी प्रदेश | • अधिकांश उद्योगहरूको उत्पादन क्षमता न्यून देखिएकाले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा संचालन गर्न आवश्यक विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु ।<br>• औद्योगिक क्षेत्रको विकासका लागि पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु । |
| लुम्बिनी प्रदेश | • भैरहवामा रहेको विशेष आर्थिक क्षेत्रलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु तथा त्यहाँ स्थापित उद्योगहरु मार्फत् निर्यातमा वृद्धि गर्नु ।<br>• सिमेन्ट उद्योगहरुका खानी उत्खनन् कार्यका कारण चुरे क्षेत्र भासिने/मासिने, पानीका मुल सुक्ने, वायु प्रदुषण बढ्ने लगायतका प्रभावलाई न्यूनीकरण गर्नु ।<br>• उद्योगहरुबाट निस्कने फोहर तथा प्रदुषणबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असरलाई कम गर्नु । |
| कर्णाली प्रदेश | • स्थानीय स्रोत र साधनहरुमा आधारित उद्योगहरुको विकास र प्रवर्द्धनको लागि आवश्यक औद्योगिक कर्जालाई सरलीकृत गर्नु तथा अन्य नीतिगत व्यवस्थाहरुमा सहजीकरण गर्नु ।<br>• धेरैजसो उद्योगहरु पूर्णरुपमा सञ्चालनमा आउन नसकेको अवस्थामा उक्त उद्योगहरुलाई पूर्णरुपमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नु ।<br>• प्रदेशभित्रको भौगोलिक विकटता र असमानतालाई समुचित रुपले सम्बोधन गर्दै दिगो, भरपर्दो, सर्वसुलभ, जनमैत्री, गुणस्तरीय र वातावरण अनुकूलित औद्योगिक क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • प्रदेशका दुर्गम क्षेत्रहरुमा गरिबीको दुष्चक्र हटाई बढ्दो आयसंगै बचत र लगानी वृद्धि गरी उद्योग तर्फ लगानी आकर्षित गर्नु । |

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| | • भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, पैठारी जस्ता कार्यहरू नियन्त्रण गरी स्थानीय उत्पादन, व्यवसाय तथा उद्योग प्रवर्द्धन गर्नु । |

### ४.४.२. सम्भावना

सहज बैंकिङ पहुँच, बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम पर्याप्त हुनु, कर्जाको व्याजदरमा कमी आउनु, बढ्दो प्रविधिको प्रयोग, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणमा सरकारको प्राथमिकता, प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम, राष्ट्रिय उत्पादन र रोजगार प्रवर्द्धन कार्यक्रम, सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरु प्रयोग गर्ने व्यवस्था, मेड इन नेपाल, मेक इन नेपाल जस्ता अभियानमा निजी क्षेत्रसँग सरकारको सहकार्य, सिमेन्ट उत्पादनका लागि चाहिने कच्चा पदार्थ चुनढुङ्गाको गुणस्तर राम्रो हुनु, कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना, बढ्दो शहरीकरण तथा डिजिटल प्रविधिको प्रयोगका कारण औद्योगिक उत्पादनको बजार विस्तार लगायतका कारणले स्वदेशी उद्योगहरु फस्टाउने सम्भावना रहेका छन् ।

**तालिका ४.४ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावनाहरु**

| प्रदेश | औद्योगिक क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • पहाडी जिल्लाहरुमा सुन्तला, किवी जस्ता फलफूलहरुको व्यावसायिक खेती विस्तार भइरहेको सन्दर्भमा ती वस्तुहरुमा आधारित भई जाम, चकलेट, वाइन आदि उत्पादन गर्ने उद्योगको स्थापना गर्न सकिने ।<br>• वनस्पतिहरुले भरिपूर्ण वनक्षेत्रवाट उत्पादन हुने वन पैदावरमा आधारित विभिन्न वस्तुहरु जस्तैः कागज, गम, रंगरोगन, फर्निचरका सामग्री, औषधी आदि उत्पादन गर्ने उद्योगको विकास गर्न सकिने ।<br>• एशियन हाइवेको मापदण्ड अनुरुप हुने गरी पूर्वपश्चिम राजमार्गको विस्तारको कामले तीव्रता पाएसंगैं यस प्रदेशमा रहेका सिमेन्ट, ईटा, फलामे छड आदि उद्योगको उत्पादन बढ्न सक्ने । |
| मधेश प्रदेश | • उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेकोले यहाँ उद्योग कलकारखानाहरूको स्थापना गरी वर्षेनी थपिने लाखौं श्रमिकहरूको लागि मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्नसक्ने सम्भावना रहेको ।<br>• बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रमआपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाउन सकिने ।<br>• दक्षिणी सीमा भारतसँग जोडिएकोले त्यँहाबाट कम लागतमा औद्योगिक कच्चा पदार्थको ढुवानी गरी वस्तु उत्पादन गरी भारत निकासी गर्न सकिने । |
| बागमती प्रदेश | • हिमाली भेगको पानी प्रशोधन गरी मिनरल वाटरका थप उद्योग स्थापना गरी विदेशी मुलुकहरुमा मिनरल वाटर निर्यात गर्न सकिने ।<br>• डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको लागि अनुसन्धान गर्न सकिने ।<br>• विद्युत उत्पादन बढिरहेको अवस्थामा विद्युतमा आधारित उद्योगहरु जस्तैः रासायनिक मल, खानीजन्य उद्योग, सिमेन्ट उद्योगहरुको उच्च सम्भावना रहेको । |

| प्रदेश | औद्योगिक क्षेत्रका सम्भावना |
|---|---|
| गण्डकी प्रदेश | • युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको ।<br>• बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरूको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरूको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरूमा आत्मनिर्भर हुन सकिने । |
| लुम्बिनी प्रदेश | • रोजिनको मुख्य कच्चा पदार्थ खोटो स्थानीय तथा सामुदायिक वनमा रहेका सल्लाका रुखहरुबाट प्राप्त हुने भएकाले रोजिन उद्योगहरुको सम्भावना रहेको ।<br>• गुणस्तरीय चुनढुङ्गाको उपलब्धता भएकाले राम्रो भएकोले उत्पादित गुणस्तरीय सिमेन्टलाई छिमेकी मुलुक भारतमा समेत निर्यात गर्नसक्ने सम्भावना रहेको ।<br>• भैरहवा विशेष आर्थिक क्षेत्रमा विद्युत सबस्टेशनको निर्माण कार्य अन्तिम चरणमा रहेको र नीतिगत सुधारका कारण थप उद्योगहरु स्थापना हुने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा उर्जामुलक, पर्यटन, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी उच्च रोजगारी सिर्जना गर्न सकिने ।<br>• दैलेखमा पेट्रोलियम पदार्थ पाइने थुप्रै आधारहरु रहेको र सोको अन्वेषण तथा उत्खनन गर्नसके कर्णाली प्रदेश पेट्रोलियम पदार्थमा आत्मनिर्भर हुने सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | • यार्सागुम्बा, पाँचऔले, झ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, दारुहल्दी, तितेपाती, गुच्ची च्याउ, कुमकुम, सिकाकाई, सतुवा, कुटकी, काफलबोक्रा, ओखरबोक्रा, धुपिपात, अलैची, अमला आदि प्रशोधनका लागि जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न सकिने ।<br>• डडेलधुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।<br>• सेती, महाकाली, चमेलिया, बुढीगंगा जस्ता नदीहरुबाट जलविद्युत् उत्पादन गर्न सकिने । |


## परिच्छेद ५
# सेवा क्षेत्र

अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्रभित्र पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ ।

### पर्यटन

कोभिड-१९ महामारीको असर कम भएसँगै पर्यटन क्षेत्रमा उल्लेखनीय सुधार भएको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुससम्ममा ५ लाख ५९ हजार ७६९ जना पर्यटकको आगमन भएको छ । गत वर्षको सोही अवधिमा ३ लाख ८३ हजार ८५९ जना पर्यटकको आगमन भएको थियो ।

**चार्ट ५.१ पर्यटक आगमन संख्या**




*स्रोत : नेपाल राष्ट्र बैंक ।*
*नोटः जुलाई देखि जनवरीसम्मको तथ्याङ्कलाई आधार मानिएको*

२०८० साउनदेखि पुस मसान्तसम्म अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ३८.३६ प्रतिशत रहेको छ । २०७९ साउन देखि पुस मसान्तसम्म अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ३५.५८ प्रतिशत रहेको थियो ।

### ५.१ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या २३.९ प्रतिशतले बढेर २ लाख ३८ हजार २ सय ९९ पुगेको छ भने घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ४.३ प्रतिशतले बढेर रु.१० अर्ब १० करोड २० लाख पुगेको छ । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या भने १९.९ प्रतिशतले घटेर १५ हजार ४ सय २९ पुगेको छ (अनुसूची तालिका ११ क) ।

घरजग्गा रजिष्ट्रेशन संख्या कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा क्रमशः ३२.९ प्रतिशत, ३७.६ प्रतिशत, १०.८ प्रतिशत, २६.४ प्रतिशत, १४.८ प्रतिशत, २०.८ प्रतिशत र १९.८ प्रतिशतले बढेको छ ।


**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्सा पास संख्या | घरजग्गा रजिष्ट्रेसन राजस्व (रु.दश लाखमा) |
|---|---|---|---|
| कोशी प्रदेश | ४९९४३ | २५६२ | ११९६ |
| मधेश प्रदेश | ६१४४२ | १९२८ | ११०५ |
| बागमती प्रदेश | ४६१४१ | ६०३४ | ५५३३ |
| गण्डकी प्रदेश | १५५८५ | ६९२ | ७८७.५ |
| लुम्बिनी प्रदेश | ४६२२१ | २९६१ | १०४७ |
| कर्णाली प्रदेश | ६९४० | ५१९ | ११८.७ |
| सुदूरपश्चिम प्रदेश | १२०२७ | ७३३ | ३१३.७ |
| **कुल** | **२३८२९९** | **१५४२९** | **१०१०२** |

*स्रोत : जिल्ला मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

समीक्षा अवधिमा मधेश प्रदेशमा सबैभन्दा बढी (६१,४४२) र कर्णाली प्रदेशमा सबैभन्दा कम (६,९४०) घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ। यसैगरी, समीक्षा अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी (६,०३४) र कर्णाली प्रदेशमा सबैभन्दा कम ५१९ वटा घर/भवन स्थायी नक्सापास भएको छ। (तालिका ५.१)

**चार्ट ५.२ घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा)**





*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु*

घर-जग्गा रजिष्ट्रेशन संख्या मधेशप्रदेशमा सबैभन्दा बढी (२५.७८ प्रतिशत) र कर्णाली प्रदेशमा सबैभन्दा कम (२.९१ प्रतिशत) रहेको छ (चार्ट ५.२)। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ११ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## ५.२ वित्तीय सेवा

२०७९ पुस मसान्तसम्ममा वाणिज्य बैंकका ५,०१९, विकास बैंकका १,१३४, वित्त कम्पनीका २८८ र लघुवित्त वित्तीय संस्थाका ५,१२६ शाखा गरी जम्मा ११,५६७ शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३,०३० शाखाहरु तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४६६ शाखाहरु सञ्चालनमा रहेका छन्। वित्तीय सेवासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ मा प्रस्तुत गरिएको छ।

**चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७९ पुस मसान्तको तुलनामा १४.८ प्रतिशतले वृद्धि भई रु.६१ खर्ब २९ अर्ब ३१ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ९.३ प्रतिशतले वृद्धि भएको थियो । २०७९ पुस मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०८० पुस मसान्तमा २.८ प्रतिशतले कमी भई रु.४६ खर्ब ८३ अर्ब ६८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ५.३ प्रतिशतले वृद्धि भएको थियो ।

बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा क्रमश: २०.५ प्रतिशत, १९.४ प्रतिशत, १२.१ प्रतिशत, २४.० प्रतिशत, २२.५ प्रतिशत, ५.४ प्रतिशत र १८.८ प्रतिशतले बढेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा बागमती प्रदेशमा ०.६ प्रतिशतले बढेको छ भने कोशी, मधेश, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा क्रमश: ४.४ प्रतिशत, ३.९ प्रतिशत, १३.१ प्रतिशत, ६.० प्रतिशत, २०.५ प्रतिशत, ११.४ प्रतिशतले घटेको छ ।


**चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७९ पुस मसान्तमा कुल कर्जा कुल निक्षेप अनुपात ९०.३ प्रतिशत रहेकोमा २०८० पुस मसान्तमा ७६.४ प्रतिशत रहेको छ । कुल कर्जा कुल निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १३९.४ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम ६२.६ प्रतिशत रहेको छ (चार्ट ५.५) ।

**चार्ट ५.५: प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०८० पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६७.७ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.१ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाले गरेको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५७.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाले गरेको कर्जा प्रवाह (१.० प्रतिशत) रहेको छ । निक्षेप तथा कर्जासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १३ मा प्रस्तुत गरिएको छ ।

## ५.३ सेवा क्षेत्र कर्जा

२०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ पुस मसान्तको तुलनामा ५.५ प्रतिशतले घटेर रु. २९ खर्ब ५३ अर्ब ५१ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.३ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश २०८० पुस मसान्तमा ६३.०६ प्रतिशत रहेको छ ।

सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी (३१.३ प्रतिशत) कर्जा प्रवाह भएको छ भने उपभोग्य कर्जा उपक्षेत्र, रियल स्टेट उपक्षेत्र, पर्यटन उपक्षेत्र, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्र, यातायात, भण्डारण र संचार उपक्षेत्र, शिक्षा उपक्षेत्र, अन्य सेवा उपक्षेत्र, स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी उपक्षेत्र र अन्य उपक्षेत्रमा क्रमश: २८.१४ प्रतिशत, ७.५४ प्रतिशत, ६.८७ प्रतिशत, ६.५८ प्रतिशत, ३.५० प्रतिशत, ३.३९ प्रतिशत, २.५२ प्रतिशत, २.०८ प्रतिशत र ८.०१ प्रतिशत कर्जा प्रवाह भएको छ ।

बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा क्रमश: ६.९ प्रतिशत, ६.६ प्रतिशत, २.५ प्रतिशत, ११.८ प्रतिशत, ८.१ प्रतिशत, १८.९ प्रतिशत र १०.५ प्रतिशतले घटेको छ । सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी ५४.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (१.३४

प्रतिशत) रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कोशी प्रदेश | ३४४४९२.१७ | ११.६६ |
| मधेश प्रदेश | २६४०५६.३८ | ८.९४ |
| बागमती प्रदेश | १६०९६६४.८१ | ५४.५० |
| गण्डकी प्रदेश | २५४६२९.६३ | ८.६२ |
| लुम्बिनी प्रदेश | ३४११६२.९४ | ११.५५ |
| कर्णाली प्रदेश | ३९४८१.७६ | १.३४ |
| सुदूरपश्चिम प्रदेश | १०००३०.७१ | ३.३९ |
| **कुल** | **२९५३५१८.३९** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*


## ५.४ यातायात

२०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको संख्या ३.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो संख्या १०.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी मोटरसाइकल दर्ता भएका छन् । समीक्षा अवधिमा क्रमशः लुम्बिनी, मधेश र कोशी प्रदेशमा सबैभन्दा बढी सवारी साधन दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम सवारी साधन दर्ता भएका छन् । समीक्षा अवधिमा कुल सवारी साधनको संख्या कोशी, मधेश, गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा क्रमशः २.१ प्रतिशत, ४.७ प्रतिशत, ५२.९ प्रतिशत, ४.५ प्रतिशत, २.८ प्रतिशतले बढेको छ भने बागमती र कर्णाली प्रदेशमा ८.८ प्रतिशत र २३.८ प्रतिशतले घटेको छ ।

## ५.५ सहुलियतपूर्ण कर्जा

२०८० पुस मसान्तसम्ममा रु.१ खर्ब ९७ अर्ब १९ करोड सहुलियतपूर्ण कर्जा बक्यौता रहेको छ । बक्यौता रहेको कुल सहुलियतपूर्ण कर्जामा कोशी प्रदेशको अंश १६.८ प्रतिशत, मधेश प्रदेशको अंश ११.२ प्रतिशत, बागमती प्रदेशको अंश ३५.६ प्रतिशत, गण्डकी प्रदेशको अंश १४.० प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.५ प्रतिशत, कर्णाली प्रदेशको अंश १.६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ५.३ प्रतिशत रहेको छ (चार्ट ५.६) ।

**चार्ट ५.६ : प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु ।*

## ५.६ विपन्न वर्ग कर्जा

२०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा रु.३ खर्ब २२ अर्ब २७ करोड रहेको छ । कुल विपन्न वर्ग कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको अंश १४.९ प्रतिशत, मधेश प्रदेशको अंश १०.३ प्रतिशत, बागमती प्रदेशको अंश ४७.३ प्रतिशत, गण्डकी प्रदेशको अंश १०.१ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १२.७ प्रतिशत, कर्णाली प्रदेशको अंश १.३ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ३.४ प्रतिशत रहेको छ (चार्ट ५.७) ।

**चार्ट ५.७ : प्रदेशगत विपन्न वर्ग कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.७ सहकारी क्षेत्र

समीक्षा अवधिमा सम्बन्धित प्रदेशमा रहेका सहकारी संस्थाहरुमध्ये हरेक प्रदेशबाट १० वटाका दरले नमुना छनौट गरिएको थियो । यसरी छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पुँजी ६.३६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ६.२९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा उक्त सहकारीहरुको कुल बचत ५.०१ प्रतिशतले बढेको छ भने कुल कर्जा ३.७९ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा उक्त सहकारीहरुको सदस्य संख्या ९.७६ प्रतिशतले घटेको छ भने गत वर्षको सोही अवधिमा सदस्य संख्या ३०.९३ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा नमुना छनौटमा परेका सहकारी संस्थाहरुको कुल ऋण सुदुरपश्चिम प्रदेशमा ५.३ प्रतिशतले बढेको छ भने कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा क्रमशः २.७ प्रतिशत, १३.३ प्रतिशत, ४.८ प्रतिशत, ५.६ प्रतिशत, १.३ प्रतिशत र ०.६ प्रतिशतले घटेको छ । त्यसैगरी, नमुना छनौटमा परेका सहकारी संस्थाहरुको कुल बचत कोशी, बागमती, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा क्रमशः १५.८ प्रतिशत, २.० प्रतिशत, ६.२ प्रतिशत, १३.२ प्रतिशत, ११.० प्रतिशतले बढेको छ भने मधेश र गण्डकी प्रदेशमा १५.८ प्रतिशत र ०.६ प्रतिशतले घटेको छ ।

**चार्ट ५.८ : नमूना छनौटमा परेका वचत तथा ऋण सहकारी संस्थाको विवरण (रु.दश लाखमा)**




*स्रोत: अध्ययनमा समेटिएका सहकारी संस्थाहरु ।*

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.९.१ चुनौती

ब्याजदर घटे पनि कर्जा प्रवाह अपेक्षित रुपमा बढ्न नसक्नु, उत्पादन तथा व्यवसायिक गतिविधि अपेक्षित रुपमा विस्तार नहुँदा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा असुलीमा समस्या देखिनु, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, आन्तरिक तथा बाह्य पर्यटकको आगमन संख्या वृद्धि गरी बसाइँ अवधि लम्ब्याउनु, तुलनात्मकरुपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्तिको उत्पादनमा हुने वृद्धिदर कम हुन सक्नु, पूर्वाधार, शिक्षा, व्यवस्थापन लगायतका क्षेत्रको गुणस्तरमा सुधार ल्याई सार्वजनिक स्कुल कलेजलाई निजी सरह प्रतिस्पर्धात्मक बनाउनु आदि कार्यहरु चुनौतीपुर्ण रहेका छन् ।

**तालिका ५.३ : सेवा क्षेत्रका प्रदेशगत चुनौतीहरु**

| प्रदेश | सेवा क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • बढदो सुचना प्रविधिको विकाससँगै देखिएको बैंकिङकसुरजन्य वित्तीय अपराधका घटनाहरुलाई न्युनीकरण गर्न तथा आम मानिसमा वित्तीय चेतना अभिवृद्धि गर्न स्थानिय तहहरु तथा बैंक तथा वित्तीय संस्थाहरुको संयुक्त अगुवाईमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु ।<br>• घट्दो ब्याजदरका कारण निक्षेपकर्ताहरुमा आएको निरासाले हुन सक्ने निक्षेप पलायनलाई रोक्नु । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला सँस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु ।<br>• वित्तीय चेतना तथा पहुँच अभिवृद्धि गरी वित्तीय अपराध र अनौपचारिक कारोवार न्यूनीकरण गर्नुका साथसाथै मिटर ब्याजीको मारबाट सर्वसाधारणलाई मुक्त गराउनु ।<br>• मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरको विकास गर्नु । |

| प्रदेश | सेवा क्षेत्रका चुनौती |
|---|---|
| बागमती प्रदेश | • काठमाडौं उपत्यकास्थित मनोरञ्जन क्षेत्रका सबै होटल तथा डान्सबार दर्ताको दायरामा ल्याइ सो क्षेत्रमा काम गर्ने महिला एवम् किशोरीहरुमा हुने गरेको श्रम शोषण र यौन दुर्व्यवहार तथा शोषणको उच्च जोखिम कम गर्दै महिला सुरक्षाको उचित व्यवस्थापन गर्नु ।<br>• सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन गरी कर्जा सुचना केन्द्रमा पहुँच दिनुपर्ने । साथै, सहकारी क्षेत्रमा विद्यमान समस्यालाई निराकरण गर्न स्वायत्त नियमनकारी संस्थाको स्थापना गर्नु ।<br>• काठमाडौं उपत्यकामा शिक्षा र स्वास्थ्य क्षेत्रका नाममा भइरहेको व्यापार न्यूनीकरण गरी सुपथ र सुलभ रुपमा शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्नु । |
| गण्डकी प्रदेश | • पृथ्वी राजमार्ग अर्न्तगत पोखरा- मुग्लिङ खण्डको स्तरोन्नती भईरहेको हुनाले आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनका साथै ढुवानीमा असहजता भएकाले उक्त स्तरोन्नती कार्य समय सीमा भित्रै सम्पन्न गर्नु ।<br>• गण्डकी प्रदेशमा पर्यटकहरुको सुरक्षा व्यवस्था, सुचना प्रविधि लगायत मौसम पूर्वानुमान जस्ता अत्यावश्यकीय सुविधाको अभावमा आकस्मिक मौसम प्रतिकुलता र वन्यजन्तुबाट आक्रमण लगायतका जोखिम न्यूनीकरण गर्न चुनौतीपूर्ण छ । साथै, पोखरा बाहेकका अन्य पर्यटकीय स्थानहरूमा पर्यटकस्तरीय होटल/लजहरू पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरू भरपर्दो नहुनु । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल सरकारका विभिन्न तह तथा निजी क्षेत्रवाट गरिएको ठूलो लगानी अनुसारको प्रतिफल प्राप्त गर्नु ।<br>• यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल, क्रिकेट स्टेडियम तथा सम्मेलन केन्द्रहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु ।<br>• प्रदेश सरकार तथा स्थानीय तहहरुको सुदृढीकरणका लागि घोषणा गरिएका विभिन्न पूर्वाधारहरु समयमै सम्पन्न गर्नु । |
| कर्णाली प्रदेश | • हिमाली क्षेत्रका विद्यालयहरुमा हिउँदको समयमा पठनपाठन असहज हुने हुँदा हिमाली क्षेत्रका जिल्लाहरुमा निर्माणाधीन आवासीय विद्यालयहरुको पूर्वाधार विकास गर्नु साथै प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न सबैलाई शिक्षाको अवसर दिलाउनु ।<br>• बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति विस्तार गरी वित्तीय साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु ।<br>• पर्यटन व्यवसायको प्रचुर सम्भावना रहेको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात लगायतका पर्यटन पूर्वाधारहरुको विकास र विस्तार गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरुको व्यवस्थित तथ्याङ्कको अभिलेख राख्नु। आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्दा तथ्यमा आधारित नीति तर्जुमा गर्नु । |

| प्रदेश | सेवा क्षेत्रका चुनौती |
| --- | --- |
| | • बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनविश्वास कायम राख्न उचित नियमन तथा सुपरिवेक्षण गर्ने संयन्त्रको विकास गर्नु ।<br>• सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत् स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्नु । |

### ५.९.२ सम्भावना

वित्तीय चेतना, साक्षरता र समावेशीकरणको स्तर अभिवृद्धि हुँदै गएको, सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सूचना प्रविधि क्षेत्रमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार हुने सम्भावना रहेको छ । नयाँ नयाँ पर्यटकीय गन्तव्यहरु पहिचान हुँदै गएको, विद्युत् उत्पादन वृद्धि हुँदै गएको, होटल तथा लजहरुमा लगानी बढ्दै गएकाले पर्यटन क्षेत्रले गति लिने सम्भावना रहेको छ । भौगोलिक एवं जैविक विविधता, सांस्कृतिक एवं प्राकृतिक क्षेत्रहरु, विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरु, साहसिक पर्यटकीय स्थलहरुको व्यापक रुपमा प्रचारप्रसार गरी पर्यटकहरुको आवागमन तथा बसाई अवधि लम्ब्याई विदेशी मुद्रा आयआर्जनको सम्भावना रहेको छ ।

**तालिका ५.४ : सेवा क्षेत्रका प्रदेशगत सम्भावनाहरु**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
| --- | --- |
| कोशी प्रदेश | • नेपालीहरुमा पछिल्लो समय पदयात्रामा आर्कषण बढेसँगै सगरमाथा आधार शिविर, मकालु आधार शिविर, कञ्चनजंगा आधार शिविर लगायतका स्थानमा आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुन जाने ।<br>• यस प्रदेशमा रहेका सामुदायिक विद्यालयहरुमा भएको सुधारले विद्यार्थीहरुले कम शुल्कमा गुणस्तरिय शिक्षा आर्जन गर्न सक्ने ।<br>• विराटनगरमा सुविधासम्पन्न आँखा अस्पतालहरु सञ्चालनमा आएसँगै भारतबाट आँखाको उपचार गर्न आउने बिरामीको संख्या बढ्न गई आय आर्जन तथा रोजगारीमा वृद्धि हुने । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको छ ।<br>• मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकाले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ । |
| बागमती प्रदेश | • यस प्रदेशको IT क्षेत्रमा भएको डिजिटल रूपान्तरण र दक्ष युवा जनसंख्याको प्रयोग गरी IT सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको । |

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
| --- | --- |
| | • रुबी भ्यालीमा ट्रेकिङ्ग तथा पदयात्रा पयर्टनको प्रचुर सम्भावना रहेकोले पयर्टन प्रबर्द्धनका लागि आवश्यक सडक लगायतका अन्य पुर्वाधार निर्माण गरेमा पर्यटकीय गतिविधि विस्तार हुने ।<br>• सरकारी कार्यालय, सामुदायिक अस्पताल, सामुदायिक विद्यालय, सार्वजनिक पार्क, प्रमुख बजार केन्द्र, तथा जनताको भिड बढी हुने ठाउँहरु पहिचान गरी यस्ता स्थानहरुमा सुपथ मूल्यमा High Speed इन्टरनेट प्रदान गरी सेवाको गुणस्तर वृद्धि गर्न सकिने । |
| गण्डकी प्रदेश | • नेपाल सरकारबाट पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको सन्दर्भमा यस क्षेत्रमा पर्यटकीय पूर्वाधारहरुको विकास तथा Visit Nepal जस्ता पयर्टन प्रर्वद्धन कार्यक्रम पुनः आयोजना गर्न सकिएमा पर्यटन क्षेत्रमा उल्लेख्य सहयोग पुग्ने र व्यवसाय वृद्धि गर्न सकिने ।<br>• उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकाले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले भारतीय र चिनिया पर्यटकहरूको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेका साथै नेपाली कृषि तथा औद्योगिक उत्पादनलाई समेत सहजै निर्यात गर्न सकिने ।<br>• पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालनमा ल्याउन सकेमा यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्न सक्ने । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशको बुटवल क्षेत्रमा निर्माणाधीन सिद्धार्थ केवलकारको सञ्चालन पश्चात ऐतिहासिक महत्वको पर्यटकीय स्थल नुवाकोटमा थप आर्थिक गतिविधि तथा रोजगारी वृद्धि हुने ।<br>• लुम्बिनी भ्रमणमा आउने पर्यटकहरुलाई केन्द्रमा राखेर तालिम प्राप्त गाईडको व्यवस्था एवम् गौतम बुद्धसँग सम्वन्धित डकुमेन्ट्रि प्रदर्शन गर्न सकेमा सेवा क्षेत्रमा थप रोजगारी सिर्जना हुने ।<br>• यस प्रदेशमा निर्माण भएका क्रिकेट स्टेडियम तथा सम्मेलन केन्द्रहरुमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल तथा सम्मेलनहरु आयोजना गर्न सकिने । |
| कर्णाली प्रदेश | • सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा यात्रुवाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार भई आय तथा रोजगारी बढ्ने ।<br>• यस प्रदेशमा रारा, शे-फोक्सुण्डो, कुभिण्डे, स्यार्पु, बुलबुले ताल, काँक्रेविहार, पचाल झरना, सिँजा सभ्यता, पञ्चकोशी र कैलाश मानसरोवर लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मीक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यटन पूर्वाधारहरुको विकास र विस्तार गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने । |

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| | • धनगढी विमानस्थललाई स्तरोन्नती गरी क्षेत्रीय विमानस्थलको रूपमा विकास गर्न सकिने ।<br>• कैलालीको गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना भएपश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने । |

## परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्रअन्तर्गत प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको बारेमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

### सडक

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा ७६ जिल्लामा यातायात सञ्जालको पहुँच पुगेको छ भने कुल ८० वटा राजमार्ग कायम रहेका छन् । उक्त राजमार्गहरुको कुल लम्बाई १४ हजार ९ सय ४३ कि. मि. रहेको छ, सो मध्ये ७ हजार ६ सय ७५ कि. मि. दुई लेन कालोपत्रे स्तरमा रहेका छन् भने २ सय ३० कि. मि. ४/६ लेनमा स्तरोन्नति भएका छन् ।

विगत १० बर्षमा सडक विभाग अन्तर्गत ७ हजार ८४ कि. मि. सडक कालोपत्र, ७ हजार ५४ कि. मि. ग्राभेल र ५ हजार ७ सय १२ कि. मि. नयाँ ट्रयाक निर्माण सम्पन्न भएको र १ हजार ३ सय ६७ पुलहरुको निर्माण सम्पन्न भएको छ ।

**तालिका ६.१: आ. व. २०७०/७१ देखि २०७९/८० सम्म सडक निर्माण तर्फ भएका उपलब्धि**

| आ. व. | कालोपत्रे (कि.मि.) | ग्राभेल (कि. मि.) | नयाँ ट्रयाक निर्माण (कि. मि.) | आवधिक मर्मत (कि. मि.) | सम्पन्न पुल संख्या |
|---|---|---|---|---|---|
| २०७०/७१ | ५३८ | ६८५ | ११८० | ४२९ | ६० |
| २०७१/७२ | ६०१ | ४०१ | ६४८ | ३५० | ७२ |
| २०७२/७३ | २६४ | ३४५ | ६३९ | | ६३ |
| २०७३/७४ | ६३० | ९९२ | ८०९ | १९५ | ७२ |
| २०७४/७५ | ९०४ | १३१३ | ९७१ | ३३२ | ८२ |
| २०७५/७६ | ९८८ | १३६३ | ४४० | २३० | २४३ |
| २०७६/७७ | १०८१ | ७५७ | ३६५ | ३६० | २१० |
| २०७७/७८ | ६४० | २३५ | १३७ | २३७ | ६१ |
| २०७८/७९ | ६१८ | ३३५ | २८० | २५० | २८२ |
| २०७९/८० | ८२० | ६२८ | २४३ | ५३८ | २२२ |
| कुल | ७०८४ | ७०५४ | ५७१२ | २९२१ | १३६७ |

*स्रोत: सडक विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।*

मध्यपहाडी (पुष्पलाल) राजमार्गको कुल लम्बाई १८ सय ७९ कि.मी. मध्ये २०८० असार सम्म १४ सय २ कि.मी. कालोपत्रे सम्पन्न भएको छ । यसैगरी हुलाकी राजमार्गको कुल लम्बाई १ हजार ८ सय ५७ कि.मी मध्ये २०८० असारसम्म १ हजार ३९ कि.मी. कालोपत्रे सम्पन्न भएको छ। त्यसैगरी, मदन भण्डारी राजमार्गको कुल लम्बाई ७ सय ४० कि.मी मध्ये २ सय ८५ कि.मी. कालोपत्रे सम्पन्न भएको छ भने १ सय ६९ कि.मी निर्माणधिन अवस्थामा रहेको छ ।

### सिँचाई

आर्थिक वर्ष २०८९/९० मा सम्पन्न गर्ने लक्ष्य लिएको सिक्टा सिँचाई आयोजनाको २०८० पुस मसान्तसम्म भौतिक उपलब्धि ४०.५ प्रतिशत र वित्तीय प्रगति ३८.६ प्रतिशत रहेको छ । लुम्बिनी प्रदेशको बाँके जिल्लामा

अवस्थित उक्त सिँचाई आयोजना अगैया स्थित राप्ती नदीमा बाँध निर्माणगरी ४२ हजार ७६६ हेक्टर भूमिमा भरपर्दो सिंचाइको लागि पानी उपलब्ध गराउन यो आयोजना निर्माण गरिएको हो ।

बर्दिया जिल्लाको करिव ३६ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधिन बबई सिँचाइ आयोजना आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८० पुस मसान्तसम्म भौतिक उपलब्धि ७२.२ प्रतिशत र वित्तीय प्रगति ६९.३ प्रतिशत रहेको छ ।

कञ्चनपुर र कैलाली जिल्लामा करीब ३३,५२० हेक्टर भू-भागमा सिँचाई सुविधा उपलब्ध गराउने उद्देश्यले करीब रु.३५ अर्ब लागत रहेको निर्माणाधिन महाकाली सिँचाई आयोजनाको २०८० पुस मसान्तसम्मको भौतिक प्रगति २० प्रतिशत र वित्तीय प्रगति २० प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी आ.व. २०८४/८५ मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको २०८० पुस मसान्तसम्म भौतिक उपलब्धि ६५.७ प्रतिशत र वित्तीय प्रगति ४६.५ प्रतिशत रहेको छ । भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख गरी यस आयोजनाको कुल अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ । यो आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ । यसका साथै नियमित रुपमा २ वटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ । नेपालमा पहिलो पटक TBM Technology प्रयोग गरी सुरु गरिएको १२ कि.मि. लामो सुरुङ्ग निर्माण गरिएको छ ।

मध्य तथा पूर्वी तराई भेगको १ लाख २२ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको सुनकोशी मरिन डाइभर्सन बहुउदेश्यीय आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कुल लागत रु.६७ अर्ब ४९ करोड ४ लाख रहेको छ । यस आयोजनाबाट ४० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ । २०८० पुससम्म भौतिक उपलब्धि २६.४ प्रतिशत र वित्तीय प्रगति २४.३ प्रतिशत रहेको छ । त्यसैगरी, रानी जमरा कुलरिया आयोजनाको २०८० पुससम्म भौतिक उपलब्धि ६९.८ प्रतिशत र वित्तीय प्रगति ६७.९ प्रतिशत रहेको छ ।

### जलविद्युत तथा प्रसारण लाइन

वि.सं. २०८१ माघमा सम्पन्न गर्ने लक्ष्य रहेका अरुण तेस्रो जलविद्युत आयोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना प्रसारणलाइन निर्माण गरी दुई वटा आयोजना रहेका छन् । दुईवटा आयोजनाको कुल अनुमानित लागत रु. १ खर्ब ४५ अर्ब रहेको छ । अरुण तेस्रो जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको यस आयोजनाको २०८० पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमश: ७३.२० प्रतिशत र ७४.५८ प्रतिशत रहेको छ । अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारण लाइन आयोजनाको वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमश: १६.८ प्रतिशत र ५२.२४ प्रतिशत रहेको छ ।

गोरखा जिल्लामा १२०० मेगावाट क्षमताको जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजना शुरु आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १० प्रतिशतमात्र भौतिक प्रगति भएको छ भने करिव १६.५३ प्रतिशत वित्तीय प्रगति भएको छ । हालसम्म भएको कार्यहरुका हकमा बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको केन्द्रिय तथा फिल्ड कार्यालयको समुद्घाटनको कार्य सम्पन्न भएको, विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त पेश गरिएको र कम्पनीको कार्यक्रम तथा वजेट र Gravel, O & M सम्पन्न गरी कम्पनीको बोर्ड बैठकबाट स्वीकृति गरिएको छ । यस आयोजनाको लागि आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट हालसम्म पनि प्राप्त नहुनु मुख्य समस्या रहेको छ ।

कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेसन र वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशन, वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट र वसन्तपुर सव–स्टेशनमा बे एक्सटेन्सन गरी ४ वटा आयोजनाहरु रहेका छन् । ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजनाको निर्माण कार्य वि.सं. २०७३ सालबाट प्रारम्भ भई वि.सं. २०७९ बाट सञ्चालनमा आइसकेको छ । तुम्लिङटार–बानेश्वर–वसन्तपुर–इनरुवा गरी ३ वटा सव स्टेशन र १ बे थप्ने कार्य (स्टेप अप डाउन क्षमता ५५० M.V.A.)को निर्माण कार्य वि.सं. २०७५ सालबाट प्रारम्भ भएको हो जसको कुल अनुमानित लागत २ करोड ६० लाख अमेरिकी डलर रहेको छ । यस आयोजनाको वि.सं. २०८० पुस मसान्तसम्मको भौतिक कार्य सम्पन्न भइसकेको छ भने वित्तीय प्रगति ९२.० प्रतिशत रहेको छ । कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी.प्रसारण लाइन र सव-स्टेसनको निर्माण कार्य वि.सं. २०७५ सालबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत २ करोड १० लाख अमेरिकी डलर रहेको यस आयोजना २०८१ जेठसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९९.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ । वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी.प्रसारण लाइनको दोस्रो सर्किट र बसन्तपुर सव-स्टेसनमा बे एक्सटेन्सनको निर्माण कार्य वि.सं. २०७९ कात्तिकबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत नेपाली रुपैंया ६६.६ करोड रहेको यस आयोजना २०८१ बैशाख सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४५.० प्रतिशत र ५२.० प्रतिशत रहेको छ ।

कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजनाको निर्माण सम्पन्न आ.व. २०८१/८२ सम्ममा गर्ने लक्ष्य रहेको थियो । यद्यपी, २०८० पुस मसान्तसम्म आयोजनाको भौतिक प्रगति ५८.९ प्रतिशत तथा वित्तीय प्रगति ६१.८ प्रतिशत रहेको छ ।यस आयोजनाको अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ ।

अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन कम्प्याक्ट कोषको अनुदान ५० करोड अमेरिकी डलर र नेपाल सरकारको लगानी १९.७० करोड अमेरिकी डलर गरी कुल ६९.७० करोड अमेरिकी डलरबाट सञ्चालन हुने कार्यक्रम अन्तर्गत राष्ट्रिय गौरवको विद्युत् प्रसारण आयोजना (Electricity Transmission Project) र सडक मर्मत आयोजना (Road Maintanance Project) पर्दछन् । आर्थिक वर्ष २०८०/८१ मा उक्त योजनालाई १०८४.१७ करोडको बजेट विनियोजन गरिएको छ । यसै आ.व.को समीक्षा अवधिमा विनियोजित बजेटको ३९.७१ प्रतिशत रकम खर्च भई आयोजना शुरु भएदेखि आर्थिक वर्ष २०८०/८१ को पुष मसान्तसम्मको भौतिक प्रगति ७ प्रतिशत रहेको छ भने वित्तीय प्रगति समेत ७ प्रतिशत रहेको छ ।

विद्युत प्रसारण आयोजना अन्तर्गत बढीमा ३१५ किलोमिटर लामो ४०० केभी डबल सर्किट विद्युत प्रसारण लाइन तथा रातमाटे, नयाँ दमौली र नयाँ बुटवल गरी तीन स्थानमा नयाँ सबस्टेशन निर्माण गरिने योजना रहेको छ । यस आयोजनाको उद्देश्य नेपालको विद्युत ग्रिडमा बिजुलीको उपलब्धता र विश्वसनीयतामा सुधार ल्याउँदै विद्युत खपत बढाउनु र भारतसँगको अन्तरदेशीय विद्युत व्यापार सहजीकरण गर्नु हो । एमसिए नेपालले निर्माण गर्ने प्रसारण लाइन नेपाल विद्युत प्राधिकरणले काठमाडौंको लप्सीफेदी र मकवानपुरको हेटौंडामा निर्माण गर्ने सबस्टेशनमा जोडिने योजना रहेको छ । यस आयोजना अन्तर्गको प्रसारण लाइन सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट, धादिङ्ग, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र परासी जिल्ला हुँदै जानेछ ।

नेपालमा रणनैतिक सडक मर्मतका लागि विद्यमान अभ्यासहरुमा सुधार गर्नु र सडक बोर्ड नेपाल र सडक विभागलाई प्राविधिक सहायता उपलब्ध गराउनु सडक मर्मत आयोजनाको उद्देश्य रहेको छ । तसर्थ, यस

योजनाका मुख्य दुई क्रियाकलाप नै प्राविधिक सहायता र रणनैतिक सडक मर्मत हुन् । प्राविधिक सहायता अन्तर्गत सडक विभाग र सडक बोर्ड नेपाललाई सडक मर्मत तर्जुमा, मूल्याङ्कन तथा नियमित र आवधिक रुपमा मर्मत कार्य गर्ने क्षमताको सुदृढिकरणका लागि प्राविधिक सहायता उपलब्ध गराउनु हो भने रणनैतिक सडक मर्मत अन्तर्गत सवारी साधनको चाप भएका, काम गर्न असजिलो र काम गर्न बढी समय लाग्ने साँघुरो सडकमा मर्मत कार्य अगाडि बढाउँदा सामना गर्नुपर्ने समस्यालाई सम्बोधन गर्नु हो ।

### निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम आ.व. २०७१/७२ बाट शुरु भई आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बीच सम्पन्न सम्झौताअनुसार निजगढमा एयरपोर्ट सिटीसहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide ले तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार यसको अनुमानित लागत रु.८ खर्ब रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको लागि गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार लगाउने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रण गर्ने कार्य सम्पन्न भएको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्बासी बस्तीको घरजग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालयमार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । प्रथम चरणको निर्माण कार्यका लागि १ हजार ९ सय हेक्टर क्षेत्रफलभित्र पर्ने रुख, पोलको लगत नम्बरिङ्ग कार्य भइरहेको छ । परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन (Detail Feasibility Study)तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरूमा टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटी बारे निर्णय हुन नसक्नु रहेको छ । सम्मानित सर्वोच्च अदालतको निर्णयपश्चात् हाल यो आयोजनाको काम अगाडि बढ्न सकेको छैन ।

### जयनगर-जनकपुर-कुर्था रेलवे

नेपाल रेलवे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-कुर्था रेलवेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई भंगहासम्म सञ्चालनमा आएको छ । भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माणअन्तर्गत रेलवेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको ईन्जिन र बग्गी खरिद समेतको कुल लागत रु.८ अर्ब रहेको जानकारी सो कम्पनीबाट प्राप्त भएको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ, जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको कुर्थाबाट, जनकपुर, परवाह, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमा स्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ३५ कि.मी. रहेको छ । कुर्था-विजलपुरा सम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । हाल भंगहादेखि जयनगर ५२ कि.मी. रेल्वे सञ्चालनमा रहेको छ । भंगहादेखि बर्दिवाससम्म १८ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको कार्य भइरहेको जानकारी प्राप्त भएको छ भने यस आयोजनाको प्रारम्भिक लागत अनुमान भा.रु.७ अर्ब १२ करोड रहेकोमा हाल संशोधित लागत अनुमान बढेर भा.रु.१२ अर्ब पुगेको छ ।

### काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक आयोजना, नेपालको राजधानी काठमाडौलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard

Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवयानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ को निर्णयअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ मा नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको छ । नेपाली सेनालाई आयोजना हस्तान्तरण भएपश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढिरहेको छ। कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ मा स्वीकृत भईसकेको छ । चार लेनको यस आयोजना ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म जम्मा ७२.५ कि.मि. लम्बाई रहेको छ । यस सडकको कुल लम्बाईमध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल तथा ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने व्यहोरा परियोजनाको विवरणमा उल्लेख छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

पूर्वाधार क्षेत्रका अधिकांश चुनौतीहरु पहिले नै प्रतिवेदनमा प्रस्तुत गरिएका छन् । निश्चित गरिएका आयोजनाहरुको पूर्वतयारीका कार्यहरु पुरा गर्न नसक्नु, वर्षको प्रारम्भमै गर्नुपर्ने कार्यहरु समयमै नगर्नुले वार्षिक कार्ययोजनाले तोकेको समयमा सम्पन्न नहुने चुनौती सृजना गरेको छ । यसका साथै मेशिन र उपकरण एवम् विस्फोटक पदार्थ समयमा आपूर्ति गर्नु चुनौतीपूर्ण रहेको छ । ठूलो पूर्वाधारहरुको निर्माणको क्षमता न्यून हुँदा यस क्षेत्रका चुनौतीहरु खासै परिवर्तन भएको पाइँदैन । यस क्षेत्रका प्रदेशगत चुनौती निम्नानुसार छन् ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी प्रदेश | • सडक विस्तार, खानेपानी तथा ढलनिकास, सञ्चार तथा विद्युत विस्तारको कार्यमा सरोकारवाला निकायबीच समन्वय स्थापित गर्नु ।<br>• निर्माण कार्य सम्पन्न भएपश्चात् आयोजनाको निरन्तर अनुगमन, रेखदेख र मर्मत सम्भार गर्ने चुस्त दुरुस्त प्रणालीको विकास गरी आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्नु ।<br>• पूर्वाधार निर्माणका क्रममा आवश्यक पर्ने प्राविधिक विशेषज्ञताका लागि विदेशी जनशक्तिमा निर्भर रहनु पर्ने बाध्यताको अन्त्य गर्दै देशमा रहेका जनशक्तिमा सो सँग सम्बन्धित प्राविधिक शिक्षा हस्तान्तरण गरी परनिर्भरता कम गर्नु । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु ।<br>• सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरूबाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक |

| प्रदेश | चुनौती |
| --- | --- |
| | क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु । |
| बागमती प्रदेश | • पूर्वाधार निर्माणका लागि समयमै योजनाको डिपिआर लगायत अध्ययन तयार गर्ननसक्नु, त्यसैगरी आयोजनाको मूल्याङ्कन गर्न नसक्नु, स्रोत सुनिश्चितता गर्न नसक्नु, ठेक्का प्रकृया लगायत निर्माणका कार्यहरु समयमै अघि बढाउन नसक्नु ।<br>• रुख कटान तथा जग्गा भोगाधिकारको स्वीकृतिमा जटिलता हुनु तथा क्षतिपूर्ति लगायत मुआब्जामा समस्या देखिनु ।<br>• आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चिता गर्न नसक्नु । |
| गण्डकी प्रदेश | • सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभावमा निर्माण कार्य व्यवस्थित बनाउनु ।<br>• पूर्वाधार क्षेत्रका आयोजनाहरू निर्माणको क्रममा घर/जग्गा मुआब्जा सम्बन्धी विवाद शीघ्र समाधान गर्ने विधि र प्रक्रियाको अभावमा आयोजना समयमै सम्पन्न गर्नु ।<br>• प्राकृतिक प्रकोप (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुनु । |
| लुम्बिनी प्रदेश | • विभिन्न निकायहरुबीच प्रभावकारी समन्वयको अभाव तथा प्रक्रियागत जटिलताका कारण आयोजनाहरु निर्धारित लागत र समयमा सम्पन्न गर्नु ।<br>• सीमित स्रोत तथा साधनका कारण सडक लगायतका पूर्वाधारहरुको गुणस्तरीय निर्माण कार्य गर्नु ।<br>• सार्वजनिक-निजी-साझेदारी मार्फत पूर्वाधार क्षेत्रमा लगानी आकर्षित गर्नु ।<br>• व्यवस्थित शहर बनाई पूर्वाधार तथा सेवा सुविधामा सर्वसाधारणको सहज पहुँच पुऱ्याउनु । |
| कर्णाली प्रदेश | • कणाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु ।<br>• लगानीको वातावरण सिर्जना गरी उत्पादन र रोजगारी वृद्धि गर्नु ।<br>• हवाई यातायातलाई सुलभ र सहज यातायातको साधनको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै, प्रदेशका विमान स्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु । |
| सुदूर पश्चिम प्रदेश | • भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु । प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्य रुपमा बढी हुने गरेको छ । |

| प्रदेश | चुनौती |
|---|---|
| | • ठूला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको जोहो गर्नु ।<br>• प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्नु । |

## ६.२.२ सम्भावना

सडक विस्तार तथा स्तरोन्नतीको कार्य भईरहेको, विद्युत् प्रशारण लाइन विस्तार हुँदै गएको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माणको क्रममा रहेको, सुरुङमार्ग निर्माण कार्य अघि बढेकोले पूर्वाधार क्षेत्रमा विस्तारको सम्भावना देखिन्छ। राष्ट्रिय महत्वका आयोजनाहरु एकीकृत अनुगमन प्रणालीमा आवद्ध गरी डेक्स मोनिटरिङ गर्ने कार्य अघि बढाइएकोले आयोजनाले भोगेका समस्या समाधान हुने सम्भावना बढेको छ। यसका साथै स्रोत सुनिश्चित नभएका आयोजनाको कार्य अगाडी नबढाउने, वातावरणीय प्रभाव मूल्यांकन भएका आयोजनाहरु मात्र अगाडि बढाउने लगायतका निर्णयले पनि पूर्वाधार निर्माण समयमै सम्पन्न हुने सम्भावना बढाएको छ। पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावनाहरु यस प्रकार छन् ।

**तालिका ६.४ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी प्रदेश | • भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गरी विदेशी लगानीमा निर्माण गरिएका आयोजनामा समेत नेपाली जनशक्तिलाई रोजगारी प्रदान गर्न सकिने ।<br>• पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको निरन्तर चासो रहेकोले आगामी दिनमा पूर्वाधारको विकासमा वित्तीय स्रोतको उपलब्धता सहज हुने देखिन्छ ।<br>• यस प्रदेशका पहाडी जिल्लाहरुमा समेत मोटरेवल सडकको पहुँच विस्तार हुनु, प्रसारणलाइन निर्माणको कामले तीव्रता पाउनु, निरन्तर जल प्रवाह हुने नदीहरु रहनु आदि कारणले थप जलविद्युत आयोजनाहरुको विकास हुने । |
| मधेश प्रदेश | • मधेश प्रदेशको भौगोलिक बनावट समतल भू-भाग रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकास हुन सक्ने सम्भावना रहेको देखिन्छ। साथै, कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।<br>• मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी, मधेश प्रदेशको पूर्वी सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके मधेश प्रदेशको कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको देखिन्छ ।<br>• मधेश प्रदेशको राजधानी जनकपुरमा गुठी तथा सरकारी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमीनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको देखिन्छ । |
| बागमती प्रदेश | • आयोजना स्थलको छनौट, स्रोत साधनको आवश्यकता, जग्गा अधिग्रहण र मुआव्जा वितरण कार्य गर्ने विषय विज्ञ, सम्वन्धित मन्त्रालयका प्राविधिक पदाधिकारी, स्थानीय जनप्रतिनिधि र आयोजना प्रभावित समेतको सहभागिता रहने गरी संयन्त्र खडा गर्न |

| | |
|---|---|
| | सकिने र स्थानीय स्तरबाट हुने अवरोधलाई सहभागितामूलक बनाई पूर्वाधार निर्माण कार्यलाई तिब्र गति दिन सकिने ।<br>• पूर्वाधार क्षेत्रमा लगानीको श्रोत सुनिश्चित गरी विनियोजित बजेटलाई तोकिएको समयावधि भित्रै परियोजना सम्पन्न गर्न सके उचित प्रतिफल लिन सकिने सम्भावना रहेको ।<br>• महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरुको कार्ययोजनामा पूर्वाधारलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निमार्णले गति लिनसक्ने सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • गण्डकी प्रदेश अन्तर्गत संचालन भएका र हुनसक्ने आयोजनाहरूको विस्तृत अध्ययन गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोगलाई परियोजना बैंकको रुपमा स्थापना गरी पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित तथा प्राथमिकीकरण गर्न सकिने देखिन्छ ।<br>• गण्डकी प्रदेशमा हाल १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना सहित ४१८८ मेगावाटका आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने अन्य थुप्रै आयोजनाहरू निर्माण गर्न सकिने सम्भावना देखिएको छ ।<br>• गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गको रुपमा गोरखा बजारदेखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने देखिन्छ । |
| लुम्बिनी प्रदेश | • जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको ।<br>• स्थानीय तहको वित्तीय तथा प्रशासनिक स्वायत्तता, समावेशी सहभागिता, उदार अर्थतन्त्र, निजी क्षेत्रको सहकार्य र साझा सरोकारका विषयमा अन्तरतह साझेदारी पूर्वाधार क्षेत्र विकासको सम्भावना रहेको ।<br>• प्रदेशमा प्रशस्त मात्रामा रहेका नदीनालाहरुबाट सडक विकासको लागि चाहिने निर्माण सामाग्रीहरुको सहज उपलब्धता कारण यस क्षेत्रमा गुणस्तरीय सडक सञ्जालको विकास तथा विस्तार भई अन्य पूर्वाधारहरुको समेत विकासको सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • यस प्रदेशको दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेको छ जसको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।<br>• सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा यस प्रदेशको पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ ।<br>• यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चुदेखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-र मुगुको नाक्चेलाग्ना खण्ड समयमै गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | • राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।<br>• प्रदेश सरकारले प्रत्येक जिल्लामा एउटा पर्ने गरी कुल ९ वटा महत्वपूर्ण सडक योजनालाई प्रदेश गौरवका आयोजनाका रुपमा छनौट गरी निर्माण कार्य अगाडि |

| | |
|---|---|
| | बढाइएकाले ग्रामीण तथा पहाडी भेगमा सडक पूर्वाधार तयार भई उत्पादनको बजारीकरणमा सहयोग पुग्नुको साथै स्थानीय कृषिजन्य उपजहरुको उत्पादन लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्ने तथा रोजगारी एवं व्यापार वृद्धिमा समेत सकारात्मक प्रभाव पर्न जाने ।<br>• यस प्रदेशमा उत्पादनमुलुक उद्योगको संख्यामा वृद्धि हुन सकेमा रोजगारीको लागि भारत जाने बाध्यता हट्ने सम्भावना रहेको । साथै, भारतबाट आर्जन गरेको आय र सीपलाई प्रदेशमा नै राजगारी अवसर सिर्जना गर्न उपयोग गर्न सकिने । |

## परिच्छेद ७

# बाह्य क्षेत्र र रोजगारी

### ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्ममा कुल वस्तु निर्यात ७.२ प्रतिशतले कमी आई रु.७४ अर्ब ९७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ३२ प्रतिशतले कमी आएको थियो। गन्तव्यका आधारमा भारत तर्फ १२.८ प्रतिशतले निर्यातमा कमी आएको छ भने चीन तथा अन्य मुलुक तर्फको निर्यातमा क्रमशः ३७०.९ प्रतिशत र १.३ प्रतिशतल ले वृद्धि भएको छ।

आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तसम्ममा कुल वस्तु आयात ३.१ प्रतिशतले कमी आई रु. ७ खर्ब ६८ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २०.७ प्रतिशतले कमी आएको थियो। वस्तु आयात गरिने आधारमा भारत र अन्य मुलकबाट भएको आयात क्रमशः २.४ प्रतिशत र २५.७ प्रतिशतले घटेको छ भने चीनबाट भएको आयात ३४ प्रतिशतले बढेको छ।

**तालिका ७.१ : आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनाको नेपालको आयात निर्यात स्थिति**

| निर्यात | | | | आयात | | |
|---|---|---|---|---|---|---|
| देश | रु. अर्बमा | प्रतिशत | | देश | रु. अर्बमा | प्रतिशत |
| भारत | ५०.४ | ६७.३ | | भारत | ४७४.९ | ६१.८ |
| अमेरिका | ८.३ | ११.१ | | चीन | १४७.४ | १९.२ |
| जर्मनी | २.३ | ३.० | | युएई | १३.५ | १.८ |
| बेलायत | १.८ | २.४ | | युक्रेन | १०.० | १.३ |
| चीन | १.६ | २.१ | | मलेसिया | ८.८ | १.१ |
| युएई | १.२ | १.७ | | अस्ट्रेलिया | ७.७ | १.० |
| फ्रान्स | १.१ | १.५ | | अमेरिका | ७.६ | १.० |
| अस्ट्रेलिया | ०.९ | १.१ | | इन्डोनेसिया | ६.४ | ०.८ |
| जापान | ०.८ | १.० | | अर्जेन्टिना | ६.३ | ०.८ |
| अन्य | ६.६ | ८.८ | | अन्य | ८५.६ | ११.१ |
| **कुल** | **७५.०** | **१००.०** | | **कुल** | **७६८.२** | **१००.०** |

*स्रोतः भन्सार विभाग, २०८०*

आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनासम्म कुल वस्तु व्यापार घाटा २.६ प्रतिशतले कमी आई रु.६ खर्ब ९३ अर्ब २० करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १९.२ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.८ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.२ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनासम्म भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने गण्डकी प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ। यसैगरी, कोशी प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूरपश्चिम प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ। गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ ( तालिका ७.२)।

**तालिका ७.२ : आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनाको भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| कोशी प्रदेश | भद्रपुर, विराटनगर, मेची, सुनसरी, पशुपतिनगर | १०६.३ | २८.० |
| मधेश प्रदेश | बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, | ३७६.० | १९.१ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल, चोभार, टाँडी | ११०.० | १८.८ |
| गण्डकी प्रदेश | पोखरा, त्रिवेणी | ०.३ | - |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली, गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल | १६३.७ | ८.७ |
| सुदूर पश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | ११.९ | ०.३ |
| जम्मा | | ७६८.२ | ७५.० |

*स्रोत : भन्सार विभाग, २०८०*

आर्थिक वर्ष २०८०/८१ को पहिलो छ महिनासम्ममा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, मेसीनरी उपकरण तथा पाटपुर्जा, औषधि, भटमासको कच्चा तेल, सञ्चार उपकरण, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, धान/चामल, सुन, कोइला, हवाइ इन्धन तथा विद्युतीय उपकरण आदि रहेका छन् । समीक्षा वर्षमा निर्यात गरिएका मुख्य वस्तुहरुमा गलैंचा, अलैंची, तयारी पोशाक, कपडा, भटमासको तेल, पाम तेल, पोलिस्टर धागो, जुटका सामान, जुस, पश्मिना, पिना, जडीबूटी, आयुर्वेदिक औषधि, चिया, तथा उन आदि रहेका छन् (तालिका ७.३) ।

**तालिका ७.३ : भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| कोशी प्रदेश | फलाम वा इस्पातका अर्ध-तयारी उत्पादन, पेट्रोल एल.पी.ग्याँस, कच्चा पाम तेल, डिजल, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, भटमासको कच्चा तेल,सुर्यमुखीको कच्चा तेल, डाइएमोनियम फोस्फेट, काँचो सनपाट, शुरु अवस्थाको पोलिप्रोपिलिन, मकै आदि । | अलैंची, बुनिएका कपडा, फलाम वा इस्पातका अर्ध-तयारी उत्पादन, चीया, काठ, बोरा र झोला, धागो, अदुवा आदि । |
| मधेश प्रदेश | डिजल, पेट्रोल, एल.पी.ग्याँस, औषधि,फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, हवाइ इन्धन, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, डाइएमोनियम फोस्फेट, कोइला रासायनिक मल, सुर्यमुखीको कच्चा तेल, कच्चा भटमासको तेल, भटमासको पिना र अन्य ठोस अवशेष, रद्दी फलाम, रायो वा तोरीका दानाहरु, धान आदि । | फलफुलका रस, कच्चा तेल, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, रायो वा तोरीका दानाहरु, भटमासको तेल, पाम तेल, सूर्यमूखीको दाना तथा तेल, पिना र अन्य ठोस पदार्थ, औषधी, कपडा, फलफूल र वनस्पति रस, धागो, जुता, कपडा आदि । |
| बागमती प्रदेश | सुन, स्मार्ट फोन, ल्यापटप तथा नोटबुक, खोप मेडिसिन, स्याउ, हवाईजहाज सम्बन्धित उपकरण तथा इन्जिन, चाँदी, प्रयोगशालाका सामाग्री, मेडिकल औजार | गलैंचा, पश्मिना, फेल्टका सामान, कुकुर/बिरालोको खाना, ऊनको तयारी पोसाक, कस्मिरको तयारी पोसाक, सूतीको तयारी पोसाक, रेजर ब्लेड, यार्सागुम्बा, कुकुर/बिरालोको खाना, |

| | | |
|---|---|---|
| | तथा उपकरण, पासपोर्ट, जुता, कपडा आदि । | सांगितिक बाद्ययन्त्र, सजावटका सामान, आदि । |
| लुम्बिनी प्रदेश | डिजल, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, एल.पी.ग्यॉस, पेट्रोल, भटमासको तेल तथा अन्य ठोस पदार्थ, स्मार्ट फोन, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, कोइला, आलु, बिधुतिय कार, जिप तथा भ्यान, चामल, मकै, मोटरसाईकल, तयारी सेरामिक्स,अन्य सवारी साधन, आदि । | पेर्टलेण्ड सिमेन्ट, सिमेन्ट क्लिन्कर, धागो, काठ, कत्था, बिरुवा वा बिरुवाका अङ्गहरु, रोजिन र रेजिन एसिड, पोलिस्टर, अदुवा आदि । |
| सुदूर पश्चिम प्रदेश | डिजल, पेट्रोल, एल.पी.ग्यॉस, कागत तथा कागतगाता, दालमोठ, नमकिन, भुजियु र चमेना, ब्ल्याङ्केट्स र ट्राभलिङ्ग रग्स, कपडा, गहुँ, हवाइ इन्धन, आदि । | कत्था, रोजिन र रेजिन एसिड, रायो वा तोरीका दानाहरु, गम, काठ वा तार्पिनको तेल, अर्द्ध तयारी खयर कत्था, अदुवा, तरकारी, मसला आदि । |

*स्रोत : भन्सार विभाग, २०८०*

समग्र देशको निर्यातमा अलैंची, चिया, अदुवा, जडीबूटी, पश्मिना, धागो, तयारी पोशाक, छाला, जुत्ता, गलैंचा, जुस, दाल, सुन-चाँदीका गहना, चाउचाउ, तयारी पोशाक, मह, कफी तथा जलविद्युत् जस्ता तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तुहरु रहेका छन् । यसैगरी, सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्र र सूचना प्रविधि क्षेत्रका दक्ष तथा अर्धदक्ष जनशक्ति प्रतिस्पर्धात्मक लाभका क्षेत्र रहेका छन् । प्रदेशगत रुपमा निर्यातका सम्भावना भएका वस्तुहरु तालिका ७.४ मा दिइएको छ ।

**तालिका ७.४: प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु**

| प्रदेश | वस्तु |
|---|---|
| कोशी प्रदेश | चिया, अलैंची, अदुवा, रुद्राक्ष, धागो । |
| मधेश प्रदेश | माछा, आँप, छाला । |
| बागमती प्रदेश | पश्मिना शल, उनी गलैंचा, फेल्टका सामान(खेलौना), तयारी पोशाक, जुत्ता, हस्तकला । |
| गण्डकी प्रदेश | चामल, गहुँ, मकै, कोदो, फापर, जौ, अदुवा, कफी, अलैंची, सुन्तला, स्याउ, जडीबुटी, जलविद्युत्, ऊन । |
| लुम्बिनी प्रदेश | रोजिन र रोजिन एसिड, पोलिष्टर यार्न, कफी, अदुवा । |
| कर्णाली प्रदेश | गहुँ, मकै, आलु, स्याउ, ऊन, अदुवा, जडिबुटी । |
| सुदूर पश्चिम प्रदेश | तरकारी, जैतुनको तेल, जडीबुटी, टर्पेन्टाइन तेल, रोजिन र रोजिन तेल, फलफुल, दुग्धजन्य पदार्थ, जलविद्युत् । |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७५*

## ७.२ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को पुस अन्त्यसम्ममा ८ लाख ४५ हजार १ सय ५४ जना रोजगारको लागि सूचीकृत भएका छन् (तालिका ७.५) ।

**तालिका ७.५ : २०८० पुस मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण**

| प्रदेश | सूचीकृत बेरोजगार | | | | रोजगारीमा खटिएका संख्या | जम्मा रोजगारी दिन ( हजारमा) | आयोजना संख्या |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | | | |
| कोशी प्रदेश | ५९,३४० | ५१,६१२ | ३१ | १,१०,९८३ | २०२ | १३.२ | ६१६ |
| मधेश प्रदेश | ५१,८७९ | ७२,५०६ | ९ | १,२४,३९४ | २४७ | ७.२ | २८९ |
| बागमती प्रदेश | ४८,८६८ | ५३,७९५ | ० | १,०२,६६३ | ३१७ | १७.८ | ६४३ |
| गण्डकी प्रदेश | ३१,६५३ | २८,७२९ | १ | ६०,३८३ | १७७ | ६.१ | ७३२ |
| लुम्बिनी प्रदेश | ३३,१५७ | ६५,६६२ | ७ | ९८,८२६ | १७३ | १२.८ | ६२२ |
| कर्णाली प्रदेश | ९४,९४८ | १,१५,६८८ | २८ | २,१०,६६४ | ३७४ | २०.३ | ३७९ |
| सुदूरपश्चिम प्रदेश | ६४,८६३ | १,१२,३६४ | १४ | १,७७,२४१ | २१ | २.० | ४६० |
| **जम्मा** | **३,८४,७०८** | **५,००,३५६** | **९०** | **८,८५,१५४** | **१५११** | **७९.२** | **३७४१** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८०*

प्रदेशगत रुपमा तुलना गर्दा कर्णाली प्रदेशबाट सवैभन्दा बढी २ लाख १० हजार ६ सय ६४ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएको देखिन्छ भने गण्डकी प्रदेशबाट सवैभन्दा कम ६० हजार ३ सय ८३ जना बेरोजगार व्यक्तिहरु रोजगारीको लागि आवेदन दिई सूचीकृत भएको देखिन्छ। सूचीकृत बेरोजगारमध्ये १ हजार ५ सय ११ जनाले रोजगारी पाएका छन्। करीव २ लाख जनालाई कम्तीमा १०० दिनको रोजगारी दिने लक्ष्य रहेको यस कार्यक्रमले विद्यमान अवस्थामा सबै सूचीकृत व्यक्तिहरुलाई रोजगार प्रदान गर्न कठिनाई भएकाले थप गृहकार्य गर्नु पर्ने देखिन्छ

## वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०८०/८१ को प्रथम छ महिनामा पुन:श्रम स्वीकृति समेत जारी गरिएको कुल ३ लाख ४० हजार ३ सय २४ श्रम स्वीकृतिमध्ये कोशी प्रदेशको सबैभन्दा बढी ७५ हजार २ सय ७२ (२२.१ प्रतिशत) र कर्णाली प्रदेशको सबैभन्दा कम ११ हजार ९३ (३.३ प्रतिशत) रहेका छन्। जिल्लागत रुपमा धनुषा जिल्लामा सबैभन्दा बढी १६ हजार ७ सय ८८ श्रम स्वीकृति जारी गरिएको छ। Recruiting Agency, Individual-New /Total with ReEntry सहितको विवरण तालिका ७.६ मा दिएको छ।

**तालिका ७.६ : आर्थिक वर्ष २०८०/८१ पुस मसान्तसम्ममा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण**

| प्रदेश | Recruiting Agency | Individual-New | Individual-ReEntry | G2G EPS Korea | Total with ReEntry | Total without ReEntry |
|---|---|---|---|---|---|---|
| कोशी | ३५,१३६ | ८,४५० | २,३३६ | २९,३५२ | ७५,२७२ | ४५,९२२ |
| मधेश | ३६,९७० | ४,२६३ | १६४ | ३२,३८६ | ७३,७८३ | ४१,३९७ |
| बागमती | २६,७४२ | १०,११९ | १,२५० | १९,२२४ | ५७,३३३ | ३८,१११ |
| गण्डकी | १६,७३२ | ८,२५६ | १,०९२ | २२,३४५ | ४८,४२३ | २६,०८० |
| लुम्बिनी | २७,०२७ | ८,०३६ | १,०४० | २४,८९२ | ६०,९९५ | ३६,१०३ |
| कर्णाली | ७,०५३ | १,०५८ | २७७ | २,७०५ | ११,०९३ | ८,३८८ |
| सुदूरपश्चिम | ७,९९६ | १,८५४ | ३,०३६ | ५३९ | १३,४२५ | १०,३८९ |
| **कुल** | १५७,६५६ | ४२,०३६ | ९,१९५ | १३१,४४३ | ३४०,३२४ | २०६,३९० |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८०*

वैदेशिक रोजगार विभागबाट प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८० पुस मसान्तमा प्रमुख गन्तव्यको रुपमा यु.ए.ई (२४.७ प्रतिशत)रहेको छ भने दोस्रो, तेस्रो, चौंथो र पाँचौ प्रमुख गन्तव्यहरु क्रमशः कतार (१९.७ प्रतिशत),साउदी अरब (१९.३ प्रतिशत), मलेसिया (१४.२०) प्रतिशत र कुवेत (५.८ प्रतिशत), रहेका छन् (तालिका ७.७) ।

**तालिका ७.७: वैदेशिक रोजगारीको लागी प्रमुख गन्तव्यको विवरण**

| देश | २०७८/२०७९ | २०७९/२०८० | २०८० पुस |
|---|---|---|---|
| यु.ए.ई. | १२२,६४४ | ११६,१६० | ८४,८५५ |
| मलेसिया | ३६,३२७ | २७६,३६६ | ४८,७६४ |
| साउदी अरब | १८८,९८१ | ११२,७७७ | ६६,२९६ |
| कतार | १८५,०१३ | १३३,२६२ | ६७,५७० |
| कुवेत | ३५,५८९ | ४३,५०८ | १९,९३३ |
| दक्षिण कोरिया* | ५,१४३ | २०,४७१ | ७,३२४ |
| जापान | ५,६५६ | ९,६४४ | ६,४१८ |
| माल्टा | १,९२२ | ६,३०३ | ३,९३५ |
| रोमानिया | ७,४८० | १४,२२५ | ४,४०९ |
| माल्दिभ्स | ३,८५६ | ४,८६५ | ३,८५६ |
| साइप्रस | ४,१८१ | ५,३१७ | २,६९२ |
| बहराइन | १२,०६९ | ७,६९० | ४,०३९ |
| ओमन | ६,८५८ | ५,२९४ | २,७३६ |
| पोल्याण्ड | १,८६५ | ५,११२ | १,२३७ |
| अन्य | १९,५२९ | १३,९८२ | १९,३४१ |
| **कुल** | **६३७,११३** | **७७४,९७६** | **३४३,४०५** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८०*
**G2G समेत*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### ७.३.१ चुनौती

प्रत्येक वर्ष बढ्दै गएको व्यापार घाटामा कमी ल्याउनु, आन्तरिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्नु, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्नु, भारतसँग रहेको १७०० कि.मि. खुला सीमालाई व्यवस्थित गरी भारतसँगको व्यापारलाई औपचारिक माध्यममा ल्याउनु, वस्तु र देशगत विविधीकरण गरी निर्यात प्रवर्द्धन गर्नु, वैदेशिक व्यापार सम्बन्धी अन्तर्राष्ट्रिय मञ्चमा जनाइएका प्रतिबद्धता अनुरुप स्वीकृत मापदण्ड अनुसारको कानुन तथा कार्यविधिको व्यवस्था गर्नु आदि वाह्य क्षेत्रका चुनौतीका रुपमा रहेका छन् ।

विश्वव्यापीकरणको बढ्दो प्रवृत्तिले एकातर्फ अन्तर्राष्ट्रिय व्यापारको आयतन विस्तार हुँदै गएको छ भने अर्कोतर्फ घोषणा भएकै मालवस्तु आयात भए/नभएको निर्क्यौल, मालवस्तुको यथार्थ मूल्याङ्कन, निर्यात गरिने वस्तुको सम्बन्धित देशमा मालवस्तु पैठारी गर्ने सम्बन्धी कानुनमा परिमाणात्मक बन्देज रहे/नरेको एकिन गर्नु जस्ता चुनौतीहरु भन्सार प्रशासनमा रहेका छन् ।

कृषिमा आकर्षण बढाउनुका साथै उद्योग, कलकारखाना, निर्माण कार्यलाई अगाडि बढाई देशमा पर्याप्त रोजगारी सृजना गर्नु, उद्योग सञ्चालनका लागि स्वदेशी श्रमिकको दक्षता अभिवृद्धि गर्दै भारतीय श्रमिकमा परनिर्भरता घटाउनु , वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेखनीय रुपमा बढेसँगै गन्तव्य मुलुकमा काम, तलब र सेवा सुविधाको सुनिश्चिता गर्नु, न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका

जनशक्ति पलायन हुने दर तीव्र रहेकोले समयानुकुल तलबभत्ता निर्धारण गरी जनशक्तिलाई टिकाई राख्नु, म्यानपावर कम्पनीको काम कारवाहीलाई नियमित रुपमा अनुगमन गरी वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्न वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता अभिवृद्धि गर्नु, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, विप्रेषण आप्रवाह प्रणालीलाई सबल एवं सहज बनाउनु, औपचारिक प्रणालीमार्फत् विप्रेषण भित्र्याउनु, विप्रेषण आयको उल्लेख्य अंश उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, लगानीयोग्य वातावरण सृजना गर्नु, आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्नु, सरकारद्वारा ल्याइएका रोजगार कार्यक्रममा वास्तविक वेरोजगार व्यक्तिको पहिचान गरी रोजगारी दिने तथा सूचना प्रणालीमार्फत् बेरोजगारको विवरण प्रविष्टि गर्ने आदि रोजगारीका चुनौती रहेका छन् ।

### ७.३.२ सम्भावना

बाह्य क्षेत्रतर्फ शोधनान्तर बचत उल्लेख्य बढेकोले बैंकिङ्ग प्रणालीमा अधिक तरलताको स्थिति छ । बाह्य पर्यटन क्षेत्रमा सुधार भएको, विप्रेषण आप्रवाह वृद्धि भएको, पेट्रोलियम पदार्थको मूल्यवृद्धिमा कमी आएका कारणले चालु खाता घाटा तथा शोधनान्तर स्थितिमा हुन गई विदेशी विनिमय संचिति बढिरहेको छ । सहज तरलता र न्यून ब्याजदरको अवस्थामा आयातले विस्तारै गति लिँदा बाह्य क्षेत्र परिसूचकहरुमा सामान्य प्रभाव पर्ने आँकलन रहेको छ ।

अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपासमा एकद्वार प्रणालीको विकास हुँदै जानु, भन्सारमा स्वचालित प्रणाली लागु भएका कार्यालयहरुमा विद्युत्तीय भुक्तानीसँग आवद्ध गरिएको, प्राथमिकतामा परेका उद्योगहरुलाई निर्यात प्रोत्साहन गर्न नगद अनुदानको व्यवस्था गरिएको, जलविद्युत् उत्पादन वृद्धि भई निर्यात गर्न सुरु भएको, प्रशारण लाइन निर्माण कार्य अगाडि बढेको, वैदेशिक रोजगारीबाट आएको विप्रेषण आप्रवाहमा औपचारिक माध्यमको प्रयोग बढ्दै गएको, विप्रेषण खातालाई थप ब्याजको व्यवस्था गरिएको, गैरआवासीय नेपालीलाई स्वदेशी बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था गरिएको, वैदेशिक लगानीलाई सहज बनाउन एकद्वार प्रणाली लागु गरिएको आदिले र व्यापार घाटामा कमी आउने तथा वाह्य क्षेत्रको चाप कम हुने सम्भावना रहेको छ । वैदेशिक रोजगारबाट फर्केका नेपालीलाई स्वदेशमा लगानी गर्न सहुलियतपूर्ण कर्जाको व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना, Startup को लागि उद्यम प्रस्ताव धितोमा सहुलियत कर्जाको व्यवस्थाले अतिरिक्त रोजगार सिर्जना हुने सम्भावना रहेको छ ।

कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण गर्ने, उचित अनुदानको व्यवस्था गर्ने, विमा दावीलाई प्रभावकारी वनाउने, उचित बजारको व्यवस्था सुनिश्चित गर्न प्रदेश तथा स्थानीय सरकारले पहल गर्न सके वैदेशिक रोजगारबाट फर्किएका तथा हाल भैरहेका युवा जनशक्तिलाई उत्पादनशील क्षेत्रमा लगाउन सकिने सम्भावना रहेको छ । जलविद्युत उत्पादनको प्रचुर संभावना भएकाले जलविद्युत क्षेत्रमा रोजगारीको संभावना रहको छ । विकास निर्माणका कार्यहरुमा तदारुकताका साथ पुँजीगत खर्च गर्न सकेमा पुर्वाधारको क्षेत्रमा पनि रोजगार सिर्जना गर्न सकिने देखिन्छ । न्यूनतम रोजगारीको प्रत्याभूति हुने गरी संघीय सरकार मार्फत् सुरु गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत विशेष कार्यक्रमले रोजगारी विस्तार हुने सम्भावना रहेको । व्यावसायिक वातावरण सुधार गर्ने तथा लगानीकर्ताको विश्वास बढाउने उद्देश्यले हुने लगानी सम्मेलनका कारण आन्तरिक तथा विदेशी लगानी वृद्धि भई रोजगारी सिर्जना हुने सम्भावना रहेको ।

## परिच्छेद ८
# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवम् कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको प्रादेशिक रुपमा विश्लेषण गरिएको छ ।

## ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारले कुल रु.१७ खर्ब ५१ अर्ब बजेट विनियोजन गरेकोमा २०८० पुस मसान्तसम्ममा रु.५ खर्ब ७३ अर्ब खर्च भएको छ । उक्त रकम कुल विनियोजन रकमको ३२.७५ प्रतिशत हो । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक बजेटलाई संशोधन गरी कुल रु.१५ खर्ब ३० अर्ब कायम गरेको थियो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०८०/८१ को संघीय बजेटको अर्ध-वार्षिक प्रगति विवरण**

| शिर्षक | २०८०/८१ को बजेट रकम (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (रु.अर्बमा) | २०८०/८१ को संशोधित अनुमान (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | ११४१.७ | ४४३.० | १००७.४ | ८८.२ |
| पुँजीगत खर्च | ३०२.१ | ५०.४ | २५४.१ | ८४.१ |
| वित्तीय व्यवस्था | ३०७.४ | ८०.१ | २६८.६ | ८७.४ |
| **कुल** | **१७५१.३** | **५७३.६** | **१५३०.२** | **८७.४** |

*स्रोत : अर्थ मन्त्रालय ।*

आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकारले कुल रु.१४ खर्ब २२ अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा २०८० पुस मसान्तसम्ममा रु.५ खर्ब १५ अर्ब राजस्व संकलन भएको छ । उक्त रकम विनियोजित रकमको ३६.२ प्रतिशत हो । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक राजस्व संकलन लक्ष्यलाई संशोधन गरी कुल रु.१२ खर्ब २ अर्ब कायम गरेको थियो ।

**तालिका ८.२ : आर्थिक वर्ष २०८०/८१ को राजस्व संकलनको अर्ध-वार्षिक प्रगति विवरण**

| शिर्षक | २०८०/८१ को बजेट रकम (रु.अर्बमा) | पुससम्मको यथार्थ राजस्व (रु.अर्बमा) | २०८०/८१ को संशोधित अनुमान (रु.अर्बमा) | पुससम्मको यथार्थ राजस्व (प्रतिशत) |
|---|---|---|---|---|
| कर | १३०५.४ | ४४३.५ | १०६४.३ | ३४.० |
| अन्य राजस्व | ११७.१ | ५२.९ | १०७.१ | ४५.२ |
| विविध प्राप्ति | - | १८.८ | ३०.८ | - |
| **कुल** | **१४२२.४** | **५१५.२** | **१२०२.२** | **३६.२** |

*स्रोत : अर्थ मन्त्रालय ।*

आर्थिक बर्ष २०८०/८१ कुल प्रादेशिक बजेट रु.२ खर्ब ८० अर्ब विनियोजन भएकोमा समीक्षा अवधिमा १५.४ प्रतिशत अर्थात् रु.४३ अर्ब २५ करोड खर्च भएको छ । जसमध्ये चालु खर्च २१.२ प्रतिशत र पुँजीगत खर्च ११.४ प्रतिशत भएको छ । यसरी संघीय सरकारका अतिरिक्त प्रदेश सरकारहरुको पुँजीगत बजेट खर्च गर्ने क्षमता पनि कमजोर रहेको छ ।


**तालिका ८.३ : आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति विवरण**

| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| कोशी | ३६.७ | १६.३ | २०.३ | ७.७ | ४.९ | २.७ | २०.९ | ३०.२ | १३.४ |
| मधेश | ४४.१ | १८.५ | २५.५ | २.९ | १.९ | १.१ | ६.७ | १०.१ | ४.२ |
| बागमती | ६२.७ | २६.४ | ३५.७ | १०.६ | ६.० | ४.६ | १७.० | २२.७ | १३.० |
| गण्डकी | ३३.४ | १२.७ | २०.१ | ५.५ | २.७ | २.८ | १६.५ | २१.४ | १३.९ |
| लुम्बिनी | ४०.४ | १७.२ | २३.२ | ७.५ | ३.८ | ३.७ | १८.५ | २२.० | १५.८ |
| कर्णाली | ३३.३ | १३.८ | १९.५ | ४.४ | २.९ | १.५ | १३.१ | २१.० | ७.६ |
| सुदुर पश्चिम | २९.३ | ११.९ | १७.० | ४.६ | २.६ | २.० | १५.७ | २१.४ | १२.० |
| **जम्मा/समग्र** | **२८०.०** | **११६.८** | **१६१.३** | **४३.२** | **२४.८** | **१८.४** | **१५.४** | **२१.२** | **११.४** |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.६२ अर्ब ७० करोड बजेट विनियोजन भएको थियो भने सुदुरपश्चिम प्रदेशमा सबैभन्दा कम रु.२९ अर्ब २६ करोड बजेट विनियोजन भएको थियो । खर्चतर्फ कोशी प्रदेशमा सबैभन्दा बढी कुल विनियोजनको २०.९ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको ६.७ प्रतिशत खर्च भएको छ ।

**चार्ट ८.१ : आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति**




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

## ८.२ प्रदेशगत कार्यान्वयन भएका कार्यक्रमहरु

**आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारहरुले बजेटमा प्रस्ताव गरेका मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुको विवरण तपसिल बमोजिम रहेका छन् ।**

### कोशी प्रदेश

"उन्नत बीउको आपूर्ति, कृषि उत्पादनको वृद्धि" भन्ने नाराका साथ खाद्यान्नको उत्पादकत्व सुधारका लागि उन्नत बीउको आपुर्ति सुनिश्चित गर्न गुणस्तरीय बीउ उत्पादन तथा प्रशोधन पूर्वाधार र बीउ उत्पादकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने । "उत्पादन साथमा, नगद हातमा" भन्ने नाराका साथ प्रदेशमा उत्पादन हुने चियाको गुणस्तरीय हरियो पत्ती उत्पादनमा संलग्न कृषक तथा मजदुरलाई समान रुपमा

प्रोत्साहन उपलब्ध गराइने । माटोको गुणस्तर सुधारका लागि “स्वस्थ माटो, स्वच्छ बाली” अभियान कार्यक्रम अन्तर्गत स्थानीय तहसंगको सहकार्यमा माटो परीक्षण कार्यलाई सघन रुपमा संचालन गर्न स्थलगत रुपमा माटो शिविरहरु संचालन गरिने । “हाम्रो उत्पादन, हाम्रो संस्कृति’ अभियान सञ्चालन गर्न स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको विकास र विस्तार गरी रोजगारी सिर्जना, उद्यमशिलता, उद्यम विकास, औद्योगिक जनशक्ति उत्पादन, उद्यम प्रवर्द्धन तथा स्थापित उद्यमीहरुको स्तरोन्नती एवं फरक क्षमता भएका व्यक्तिको सीप विकास तालिम कार्यक्रमका सञ्चालन गरिने । घरेलु तथा साना उद्योग कार्यालयलाई प्रविधिमैत्री बनाई उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी अनलाईन सेवा उपलब्ध गराउन उद्योग तथा वाणिज्य प्रशासन प्रणाली Industry and Commerce Administration System ICAS सबै घरेलु तथा साना उद्योग कार्यालयबाट कार्यान्वयनमा ल्याउन व्यवस्था गरिने । प्रदेशमा विशेष औद्योगिक क्षेत्रको विकास गर्न उपयुक्त भौतिक पूर्वाधार सहित “कोशी औद्योगिक क्षेत्र” स्थापनाको लागि अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरिने र निजी क्षेत्रको समन्वयमा औद्योगिक वस्तुको प्रवर्द्धन एवम् प्रर्दशन र राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको सभा सम्मेलन आयोजनाका लागि औद्योगिक प्रदर्शनी स्थल निर्माणको सम्भाव्यता अध्ययन गरिने । महिलाहरुलाई उद्यम तथा व्यवसायमा संलग्न गराउन उत्कृष्ट महिला उद्यमी प्रोत्साहन स्वरूप सम्मान गर्न उत्कृष्ट कोशी महिला उद्यमी पुरस्कारको व्यवस्था गरिने । कोशी-खुबाङ्ग जलमार्गलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक प्रबन्ध गरिने । “स्वस्थ नागरिक, सक्षम प्रदेश” आधारभूत स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच सुनिश्चित गर्दै प्रदेशका सबै जिल्लामा रहेका स्वास्थ्य सेवाको विस्तार र पूर्वाधारको विकास गरिने । “पर्यटन क्षेत्रमा पूर्वाधार, दिगो विकासका आधार” भन्ने सोचलाई मूर्त रूप दिन पर्यटन पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिने । “प्रकृति संस्कृति र अतिथि सत्कार” लाई आत्मसात् गर्दै पर्यटन गुरुयोजना मार्फत ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको दीगो संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गरी आन्तरिक तथा बाह्य र सीमापार पर्यटकलाई आकर्षित गर्न आवश्यक पहल गरिने ।

**मधेश प्रदेश**

“एक टोल एक सामूहिक कृषि उत्पादन”, “एक वडा एक विशेष उत्पादन” र “एक पालिका एक उत्पादन क्षेत्र” कार्यक्रम नमूनाको रुपमा प्रत्येक जिल्लालाई समेटने गरी सञ्चालन कर्यक्रम सञ्चालन गरिने । “हरेक खेतमा पानी किसानको आम्दानी”अभियानलाई सकार पार्न कृषि विद्युतीकरणलाई प्रदेश गौरवको परियोजनाको रुपमा विकास गर्दै कृषि विद्युतीकरणलाई बिस्तार, निःशुल्क कृषि मिटर, सिंचाई प्रयोजनका लागि लाग्ने विद्युत महसुलमा अनुदान समेतको व्यस्था गरिने । मधेश प्रदेशमा आर्थिक समृद्धिताका लागि प्रचुर रोजगारका अवसरहरु सिर्जना गर्न लगानी मैत्री वातावरण बनाई मधेश प्रदेशलाई लगानीको हव बनाउन उद्योग, व्यापार तथा सेवा व्यवसायलाई विकास एवम् विस्तार गर्ने उद्देश्यले आगामी मंसिरमा बृहत लगानी सम्मेलन आयोजना गरिने । “मधेश प्रदेशको पर्यटन पूर्वाधार, आन्तरिक पर्यटनको आधार” भन्ने नारालाई सार्थक तुल्याउन प्राथमिकताका साथ धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्वका पूर्वाधारको जिर्णोद्धार, विकास र प्रवर्द्धन गर्न दीर्घकालिन प्रभाव र परिणाम दिने ठूला लगानीका “एक जिल्ला एक नवीनतम पर्यटकीय गन्तव्य” को कार्यनीति लिई प्रदेशको गुरुयोजना तर्जुमा गरी वार्षिक तथा बहुवर्षिय कार्यक्रमलाई निरन्तरता दिइने । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक गौरवको आयोजनाको रुपमा विकसित गर्न गुरुयोजना बनाई क्रमशः कार्यान्वयन गर्दै लगिने । “खेलेगा मधेश तो खिलेगा मधेश” को नारालाई सार्थकता प्रदान गर्न प्रत्येक जिल्लामा प्रदेशस्तरीय खेलकुद रंगशाला निर्माण गरिने तथा २०८३ सालमा हुने ११ औं राष्ट्रिय खेलकुद प्रतियोगिता यसै प्रदेशमा संचालन हुने कार्यक्रम रहेकोले सो को लागि आवश्यक व्यवस्था गरिने । डोम, मुसहर, चमार, दुसाध र हलखोर जातिका बाल बालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउने दरलाई अभिवृद्धि गर्न दलित शिक्षा अभियान अन्तर्गत प्रत्येक बाल बालिकाको खातामा रु. २ हजार का दरले शिक्षा विजक रकम उपलब्ध गराइने ।

**बागमती प्रदेश**

प्रदेशभित्र सम्भाव्य स्थानमा कृषि उत्पादन वृद्धि गर्न वडास्तरीय सामूहिक कृषि उत्पादन केन्द्र स्थापना गरी खास क्षेत्र खास उत्पादन कार्यक्रम सञ्चालन गरिने । कृषि तथा पशुपालन सम्बन्धी ज्ञान र सीप प्रसार गर्न खाद्यान्न, नगदेबाली, फलफूल, माछा, मासु, अण्डा, दूध, च्याउ, मह जस्ता कृषि उपजहरूको उत्पादन कार्यमा संलग्न अगुवा कृषक व्यवसायी/समूह/सहकारीलाई सिकाई केन्द्रको रूपमा विकास गर्न एग्रि ईपिसेन्टरको अवधारणा कार्यन्वयन गरिने । प्रदेश भित्र दूध उत्पादन वृद्धि गर्न कम्तिमा १० वटा दूधजोन घोषणा गरिने । माटोको गुणस्तर सुधार मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषकहरूलाई प्राङ्गारिक मल र गड्यौला मलको प्रयोगमा उत्प्रेरित गर्न प्रति के.जी. रु. १० को दरले सहुलियत प्रदान गरिने । पर्यटन क्षेत्रलाई विशेष आर्थिक क्षेत्रको रूपमा विकास गर्दै लगिनेछ । बागमती प्रदेशको धार्मिक, साँस्कृतिक पर्यापर्यटन तथा ग्रामीण पर्यटनको प्रवर्द्धन एवं विकासका लागि सन् २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षको रूपमा मनाइने । विकास र पहिचान हुन बाँकी प्रदेश भित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय क्षेत्रहरूलाई प्रदेशस्तरीय प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्दै लगिने । आगामी आर्थिक वर्ष नुवाकोटको नौकोट, साततले दरवार, भैरबी मन्दिर, जाल्पा मन्दिर, चिम्टेश्वरी, दुप्चेश्वर मन्दिर, उत्तरगया धाम, ककनी, रसुवाको गोसाईकुण्ड, लाङ्टाङ हिमाल क्षेत्र, गणेश हिमाल क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न कार्यक्रम संचालन गरिने । काभ्रेको नमोबुद्ध चैत्य परिसरलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न पहल गरिने । सिन्धुपाल्चोकको पाँचपोखरी, दोलखाको भिमेश्वर, कालिन्चोक, जिरी, ललितपुरको सन्तानेश्वर मन्दिर, लाकुरीभञ्ज्याङ, गोल्डेन टेम्पल, काठमाडौंको शालीनदी, सिन्धुलीको सिन्धुलीगढी, भक्तपुरको नगरकोट, मकवानपुरको मकवानपुरगढी क्षेत्र, चितवनको इच्छाकामना मन्दिर क्षेत्र र धादिङको त्रिपुरासुन्दरीलाई विशेष पर्यटकीय क्षेत्रको रूपमा विकास गर्दै लगिने । वन क्षेत्रलाई प्रदेशको महत्वपूर्ण आर्थिक क्षेत्रको रूपमा स्थापित गरिने । वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनबाट वातावरणीय सन्तुलन एवम् दिगो विकास हासिल गर्न काष्ठजन्य, गैरकाष्ठजन्य तथा पर्यापर्यटकीय उद्योगको विकास र जैविक विविधताको संरक्षण गरी रोजगारी तथा आय आर्जनका क्रियाकलापहरू मार्फत जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन गर्न सहयोग पुऱ्याउने लक्षित कार्यक्रमहरू सञ्चालन गरिने । "एक वन समूह, एक उद्योग" भन्ने सोचको व्यवहारिक कार्यन्वयन गर्दै लगिने । बागमती प्रदेशभित्रका शहरी क्षेत्र भएर बग्ने विभिन्न खोलाहरू अत्यन्त प्रदूषित बन्दै गएकोले "स्वच्छ पानी खोलामा, फोहोर आफ्नै झोला"मा भन्ने नाराका साथ काठमाडौं उपत्यका लगायत प्रदेशभित्रका अन्य प्रदूषित खोलाहरूमा नमूनाको रूपमा व्यापक सरसफाई कार्यक्रम अभियान सञ्चालन गरिने । "बागमती प्रदेशः स्वस्थ्य प्रदेश" भन्ने नाराका साथ मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने । विद्यालय शिक्षादेखि नै विद्यार्थीहरूलाई जीवनउपयोगी तथा व्यवहारिक ज्ञान र सीप सिकाउन सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम विस्तार गरिने । "सीप सिकौं स्वरोजगार बनौं" भन्ने नारालाई कार्यान्वयन गर्न प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परिषद् गठन गरी प्रदेशस्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई एकीकृतरूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने ।

**गण्डकी प्रदेश**

"कृषि उत्पादन बढाऔ, आयात प्रतिस्थापन गरौ" भन्ने नाराका साथ कृषिजन्य वस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभुत गराउन कृषि, पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन गरिने । स्थानीय तहसँगको साझेदारीमा भूमि बैङ्कको अवधारणा लागू गरी "प्रदेश सरकारको साझेदारी, बाँझो रहन्न खेतबारी" अभियान सञ्चालन गरिनेछ । बाँझो रहेको खेतीयोग्य जमीनमा खेती गर्न कृषकलाई प्रोत्साहन गरिने । कृषि उपजको उत्पादन पश्चात् हुने क्षति न्यूनीकरण गर्न तथा बजारीकरण प्रवर्द्धन गर्न शीत भण्डारण स्थापनामा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिने । नमूना कृषि कार्यक्रम तथा प्रविधिमैत्री स्मार्ट फर्मको अवधारणा विकास गरी स्मार्ट कृषि फर्मसञ्चालनमा ल्याई औद्योगिक बालीहरुको

उत्पादनमा वृद्धि गर्न तथा कृषि उत्पादनको बजार सुनिश्चित गर्न कृषक र उद्योग बीच करार गरी आलुखेती र चैते धान खेती प्रवर्द्धन गरिने । "गण्डकी प्रदेशको विकासको आधार, सबल पर्यटकीय पूर्वाधार" भन्ने मुल मर्मलाई आत्मसात् गर्दै निजी क्षेत्रसँगको सहकार्यमा प्राकृतिक, साँस्कृतिक, धार्मिक, पर्यावरणीय, साहसिक पर्यटकीय क्षेत्रको विकास एवम् ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्दै गण्डकी प्रदेशलाई नेपालको प्रमुख पर्यटकीय केन्द्रको रुपमा विकास गरिने । पर्यटकहरुको संख्या र बसाई अवधि वृद्धि गर्न "एक प्रदेश निर्वाचन क्षेत्रः एक नमूना घरबास (होमस्टे)" कार्यक्रमका लागि पूर्वाधार निर्माण गर्न र हस्तकला काष्ठकला, मूर्तिकला लगायत स्थानीय उत्पादनको बिक्री वितरण गर्न "कोसेली घर" स्थापना गरिने । स्थानीय श्रोत, साधन र प्रविधिमा आधारित लघु घरेलु तथा साना उद्योगहरुको संरक्षण र विकासका लागि प्रदेश सरकारले दिँदै आएको प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिइने । स्थानीय रुपमा उत्पादन हुँदै आइरहेको घरेलु मदिराको उत्पादनलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गरी आधुनिक प्रविधिको प्रयोगमार्फत गुणस्तर वृद्धि र ब्राण्डिङ गर्ने व्यवस्था मिलाइने । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न "विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम" तथा "विद्यालय नर्स कार्यक्रम" थप विस्तार गरिने । प्रदेशभरका स्थानीय तहका वडा स्तरसम्म स्वास्थ्य स्वयंसेविकाको उपस्थितिलाई सघन बनाउदै ग्रामीण स्वास्थ्य सेवामा सुधार ल्याउन महिला "स्वयंसेविकाको आत्मसम्मान कार्यक्रम" सञ्चालन गरिने । उच्च शिक्षा अध्ययनका लागि गरीब, दलित, शहीद, द्वन्द्व पीडित र बेपत्ता पारिएका व्यक्तिका परिवारका सन्तति, लोपोन्मुख, अल्पसंख्यक र अपाङ्गता भएका विधार्थीको सिकाईलाई निरन्तरता दिन उच्च शिक्षा छात्रवृति कार्यक्रम सञ्चालन गरिने । प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयलाई प्रोत्साहन गर्न "सिक्दै कमाउदै, कमाउदै सिक्दै" कार्यक्रम सञ्चालन गरिने । विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न, शिक्षामा नवप्रवर्तन गर्न र गरेर सिक्ने वातावरण सिर्जना गर्न एवम् बालविकास कक्षामा सिकाई सामग्रीको आपूर्तिदेखि उच्च शिक्षासम्मको व्यवस्थापनको लागि "प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम" कार्यान्वयन गरिने ।

**लुम्बिनी प्रदेश**

रोल्पाको जिनावाङ्गका किसानले अवलम्बन गरेका बृहत तथा व्यावसायिक उत्पादन प्रणालीलाई सो सरहका मौसम भएका क्षेत्रमा अनुसरण तथा विस्तार गर्दै लगिने । व्यावसायिक रूपमा सफल उत्पादन र बजार प्रणालीलाई पहिचान गरी कृषकबाट कृषकसम्म प्रविधि तथा कार्यक्रम विस्तार गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको । नसर्ने रोगको बढ्दो प्रकोपलाई कम गर्न "मेरो स्वास्थ्यः मेरो जीवन" भन्ने अभियानका साथ स्वस्थ कर जीवनशैली प्रवर्द्धन तथा भान्सा सुधार कार्यक्रम समेत सञ्चालन गर्दै ४० वर्ष माथिका नागरिकको निःशुल्क मधुमेह, रक्तचाप र मृगौलाको परीक्षण, किशोर तथा किशोरीको रक्तअल्पता पहिचान तथा उपचार कार्यक्रमका लागि रू. २ करोड बजेट विनियोजन गरिएको । अधिक विद्यार्थी संख्या भएका विद्यालयको सुधार र शिक्षा क्षेत्रको पहुँच, गुणस्तर र क्षमता वृद्धिका लागि उत्कृष्ट शिक्षालयलाई सम्मानः कमजोरलाई प्रोत्साहन भन्ने अभियान सहित प्रदेश प्रमुख शैक्षिक विकास कार्यक्रम सञ्चालन गरिने । सबै जिल्लामा मानव र वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन, राहत तथा उद्धार गर्न "पीडितसँग प्रदेश सरकार" कार्यक्रमबाट मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गरिने । वन्यजन्तुबाट हुने क्षतिको बीमा नमूनाको रुपमा बर्दियाको मधुवन १ र ३ बाट सुरूवात गर्ने व्यवस्था गरिएको । गौतमबुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रमा बृहत "बुद्ध सर्किट" विकास गर्न, संघ सरकारसँग समन्वय गरी कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गराउन र धार्मिक पर्यटन प्रवर्द्धन गरिने । "संस्कृति जोगाऔं: सांस्कृतिक उत्पादन बेचौं" भन्ने नाराका साथ नेपाली संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै विदेशी मुद्रा आर्जन समेतको स्रोतको रूपमा विकास गरिने । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा प्रदेशको पहिचान झल्किने गरी "कोसेली घर" सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइने । गौतमबुद्धको जन्मस्थल लुम्बिनीको माटो र पानी प्रयोग गरी कोशेली उत्पादन र बजारीकरणमार्फत वृहत रूपमा स्वरोजगार सिर्जना गरिने । लुम्बिनी क्षेत्र, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्न गोल्डेन ट्रयाङ्गल सर्किट, दाङ, बाँके र बर्दियालाई जोड्न

थारू सांस्कृतिक सम्पदा सर्किट, रूकूम पूर्व, पाल्पा र रोल्पालाई जोड्न मगर सांस्कृतिक सम्पदा सर्किट, कपिलवस्तु, नवलपरासी (ब.सु.प.) र रूपन्देहीलाई जोड्न अवधि सांस्कृतिक सम्पदा सर्किट र प्यूठान, अर्घाखाँची र गुल्मीलाई जोड्न खस आर्य सम्पदा सर्किटका पर्यटकीय पूर्वाधारको विकास गरिने । १२ वटै जिल्लामा खस/आर्य, थारू, मगर, मुस्लिम, अवधी लगायतको साँस्कृतिक ग्रामको गुरूयोजना अनुरूप व्यवस्थापनका लागि विशेष प्राथमिकता दिइने । लुम्बिनीलाई विश्व पर्यटन क्षेत्रको महत्वपूर्ण गन्तव्यको रूपमा प्रवर्द्धन गर्न गौतमबुद्धको जन्मस्थलमा नोबेल पुरस्कार विजेता तथा विभिन्न देशका राजनेताको सहभागितामा अन्तर्राष्ट्रियस्तरको "लोरेट एण्ड लिडर" कार्यक्रम आयोजना गरिने ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशको मुख्य समस्याको रूपमा रहेको गरिबी अन्त्यका लागि वार्षिक न्यूनतम १० हजार रोजगारी सिर्जना गर्न शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार : त्यसका लागि सुशासन र पूर्वाधार भन्ने अभियानका साथ कर्णाली समृद्धि अभियानलाई परियोजनाको रूपमा सञ्चालन गरिने । प्रदेशका रणनीतिक महत्त्वका सडकहरू खार्पुनाथ- टापुलेख सडक, त्रिवेणी-नर्कु- सर्मी- भालुलेक-जुम्ला सडक, जुम्ला- दानसाँधु चोत्र काइगाउँ - डोल्पा सडक र देवस्थल-कैनकौडा-चौरजहारी - डोल्पा सडक निर्माण तथा स्तरोन्नति गर्न प्राथमिकता दिइने । समृद्ध कर्णाली सुखारी कर्णालीवासीको दीर्घकालीन सोचलाई टेवा पुयाउनका लागि रोजगारी सिर्जना हुने गरी परीक्षणका रूपमा सडक मर्मत सम्भार समूह तथा बाह्रै महिना यातायात सञ्चालन हुने सडकहरूमा सडक मर्मत सम्भारकर्ता राख्ने व्यवस्था मिलाइने । कर्णाली प्रदेशको जटिल र कमजोर भौगर्भिक संरचना तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने विपद्लाई मध्यनजर गर्दै छरिएर रहेका हिमाली क्षेत्र, दुर्गम क्षेत्र र नेपाल सरकारबाट सङ्कटग्रस्त घोषणा भएका चार जिल्लाहरू कालिकोट, मुगु, जुम्ला र हुम्लाका असुरक्षित तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न एकीकृत बस्ती विकास कार्यक्रम शुरु गरिने । निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरूको दिगोपना र सुचारूपनाको लागि स्थानीय तह र अन्य विकास साझेदारसँगको समन्वयमा एक स्थानीय तह एक मर्मत सम्भार प्राविधिक र खानेपानी गुणस्तर परीक्षणको लागि एक स्थानीय तह एक गुणस्तर परीक्षकको व्यवस्था मिलाइने । आगामी आर्थिक वर्षलाई नागरिक स्वास्थ्य परीक्षण वर्ष अभियानको रूपमा सञ्चालन गर्न स्थानीय र संघीय तहका अस्पताल तथा स्वास्थ्य संस्था र विकास साझेदार समेतको सहकार्यमा नागरिकको स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइने । कर्णाली सार्वजनिक शिक्षा सुधार अन्तर्गत सामुदायिक विद्यालयको प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, इ-लर्निङ्ग, शिक्षण सिकाई केन्द्र तथा विद्यालय व्यवस्थापन प्रणाली स्थापना गरी दक्ष, सिपयुक्त र नैतिकवान् जनशक्ति उत्पादन गर्न एक जिल्ला एक नमूना विद्यालय निर्माण गरिने । बालिकाहरूको कम्तिमा स्नातक तहसम्मको अध्ययन सुनिश्चित गर्न बैङ्क खाता छोरीको: सुरक्षा जीवन भरीको कार्यक्रमलाई परिमार्जन गरी छोरीहरूको जीवन बीमा गर्ने व्यवस्था मिलाइने । उद्योग क्षेत्रको योगदान मार्फत प्रादेशिक अर्थतन्त्रलाई मजबुत बनाउन सरकारी र निजी क्षेत्रको साझेदारीमा जडिबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन गरिने । स्थानीय कच्चा पदार्थमा आधारित र नवप्रवर्तनकारी उद्यमीलाई प्रवर्द्धन गर्न ग्रीन बिजनेस स्टार्टअप फण्डको व्यवस्था मिलाइने । एक जिल्ला एक उत्पादनको लागि सीपसँग सहयोग कार्यक्रम मार्फत उद्यमशीलता तथा सीप विकास र रोजगारमूलक तालिम सञ्चालन गरी उद्यमीहरूलाई उत्प्रेरित गरिने ।

**सुदुरपश्चिम प्रदेश**

आगामी पाँच वर्षभित्र दलहन, मसला बाली र फलफूलमा आत्मनिर्भर हुने गरी "कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश" अभियान सञ्चालन गरिने । यस अभियान अन्तर्गत भटमास, ओखर, सुन्तला, स्याउ, अदुवा, खाद्यान्न बीउ, दूध, मासु र अण्डामा आत्मनिर्भर हुने गरी सबै जिल्लामा कार्यक्रम संचालन गरिने ।

कृषि उद्यमशीलता विकास गरी कृषि व्यवसायलाई औद्योगिक मूल्य श्रृंखलासँग आबद्ध गरिने । कृषि उद्योग स्थापना तथा विस्तार, कृषि उपकरण तथा प्रविधि हस्तान्तरण, कृषि तथा पशुपन्छीजन्य वस्तु तथा सेवाको प्रशोधन, भण्डारण एवम् ढुवानी सम्बन्धी पूर्वाधार निर्माणमा निजी क्षेत्रको साझेदारी र सहभागितामा जोड दिइने । यसका लागि बृहत् एवम् विशेष उत्पादन तथा औद्योगिकीकरण कार्यक्रम सञ्चालन गरिने । कृषकको क्षमता अभिवृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह एक कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिने । बढ्दो वन अतिक्रमणलाई निरुत्साहित गर्न सम्बद्ध निकायको समन्वयमा संस्थागत संरचना तथा नीतिगत व्यवस्था सहितको प्रदेश वन अतिक्रमण नियन्त्रण रणनीति र प्रदेश वन सुरक्षा योजना तर्जुमा गरी आगामी आर्थिक वर्ष कार्यान्वयनमा ल्याइने । पर्यटन पूर्वाधार समृद्ध प्रदेशको आधार भन्ने नाराका साथ संघ सरकार, स्थानीय तह र निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन पूर्वाधार विकास गरिने । हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि पदमार्ग तथा विश्राम गृह निर्माण गरिने । स्थानीय कच्चा पदार्थ र स्रोतको प्रयोग हुने गरी एक जिल्ला एक उद्योग कार्यक्रम सञ्चालन गरिने । युवा उद्यमशिलता विकास गर्न र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न स्टार्टअप उद्यम कर्जाको लागि रु. १ करोड विनियोजन गरिने । यस कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका दुई सय जना युवालाई स्वरोजगार विकास कोषमार्फत कर्जा उपलब्ध गराउने व्यवस्था गरिने । सार्वजनिक निजी क्षेत्र साझेदारीको अवधारणा अन्तर्गत गोदावरी अत्तरिया-धनगढी चौराहा सडक खण्डमा मोनोरेल सेवाको सम्भाव्यता अध्ययन गरिने । हिमाली र पहाडी क्षेत्रका सिकाइ उपलब्धि न्यून रहेका, भौतिक पूर्वाधार कमजोर रहेका र शैक्षिक गुणस्तर कमजोर रहेका विद्यालय सुधारका लागि मुख्यमन्त्री शैक्षिक पूर्वाधार विकास तथा गुणस्तर सुधार कार्यक्रम सञ्चालन गरिने । यस कार्यक्रम अन्तर्गत प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा स्थानीय माग र आवश्यकतामा आधारित नमुना विद्यालय स्थापना, शैक्षिक गुणस्तर सुधार एवम् विद्यालय - उच्च शिक्षा श्रृङ्खला स्थापित गरी गुणस्तरीय शैक्षिक जनशक्ति विकास गर्ने लगायतका कार्यक्रम गरिने । विशेषज्ञ तथा विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि गर्न टेलिमेडिसिन लगायत इ-हेल्थ र विस्तारित स्वास्थ्य सेवाको विकास र विस्तार गरिने । मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम अन्तर्गत सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टीकापुर अस्पतालमा डायलाइसिस र सघन उपचार (आइ.सि.यु.) सेवा विस्तार एवम् सेती प्रादेशिक अस्पतालमा बर्थ युनिट स्थापना गरिने ।

## परिच्छेद ९
# आर्थिक परिदृष्य

## ९.१ मूल्य स्थिति

आर्थिक वर्ष २०८०/८१ को छ महिनासम्म नेपालको मुद्रास्फीतिमा रहेको चाप कम हुँदै गएको छ । २०८० पुसमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा वार्षिक बिन्दुगत आधारमा खाद्यान्न समूहको मूल्य वृद्धि ५.७७ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि ४.८५ प्रतिशत रहेको छ । पछिल्लो समय उर्जाको मूल्यमा आएको गिरावट र आपूर्ति श्रृखंलामा आएको सहजता आदिका कारण मूल्यमा रहेको चाप क्रमशःकम हुँदै जाने र मुद्रास्फीतिमा सुधार हुने देखिन्छ ।

## ९.२ कृषि उत्पादन

अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्रहरू र कृषि मन्त्रालयबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०८०/८१ मा कृषि उत्पादन सामान्य वृद्धि हुने अनुमान गरिएको छ । बढ्दो बेमौसमी तरकारी खेती, सिंचित क्षेत्रफलमा भएको विस्तार, रासायनिक मल, उन्नत जातका बिउ तथा प्रविधिको सहज उपलब्धता, मौसमी अनुकुलता, स-साना सिँचाइ आयोजनाको निर्माण र स्तरोन्नतिले वर्षे तथा हिउँदे बालीको उत्पादन सन्तोषजनक रहन गई कृषि क्षेत्रको उत्पादनमा सामान्य वृद्धि हुने अनुमान रहेको छ । त्यसैगरी, अध्ययन क्षेत्रका भेटेरिनेरी अस्पताल तथा पशु सेवा कार्यालयहरूका अनुसार दुध र मासुको माग बढेको तथा वैदेशिक रोजगारीबाट फर्केका युवावर्ग पशुपालन व्यवसायमा आकर्षित भएको हुनाले दुध र मासुको उत्पादन वृद्धि हुने अनुमान रहेको छ ।

## ९.३ औद्योगिक उत्पादन

न्यून औद्योगिक कर्जा विस्तार, केन्द्रीय बैंकले उपलब्ध गराउँदै आएको पुर्नकर्जा सुविधा उपलब्ध नहुनु, उद्योगीहरुको मनोवलमा आएको गिरावट, उद्योगहरुको न्यून क्षमता उपयोगजस्ता कारणले आगामी समयमा पनि उत्पादन र व्यापार क्षेत्रमा शिथिलता कायमै रहने अनुमान छ । तथापि, पछिल्लो समय सहज तरलता, घट्दो व्याजदर, घरजग्गा कारोवारमा भएको सुधार, पूर्वाधार निर्माणमा विस्तार, निर्माण सामग्रीहरुको मूल्यमा गिरावट, विद्युत् उत्पादन तथा आपूर्तिमा सुधार आएका कारण सार्वजनिक तथा निजी क्षेत्रबाट निर्माण कार्यले गति लिएमा अर्थतन्त्र थप विस्तार हुनसक्ने अनुमान रहेको छ ।

## ९.४ सेवा क्षेत्र

आन्तरिक र बाह्य पर्यटकीय गतिविधिमा उल्लेख्य वृद्धि भएका कारण होटलहरुको औसत अकुपेन्सी दरमा सुधार आउने, रोजगारी र आयआर्जनमा टेवा पुग्ने देखिन्छ । सेवा क्षेत्र अन्तर्गत यातायात तथा भण्डारण, थोक तथा खुद्रा व्यापार लगायत सवारी क्षेत्रको वृद्धिमा समेत सुधार भई आगामी समय समग्र सेवा क्षेत्रको वृद्धि हुने अनुमान छ । वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या वृद्धि हुँदै गएकोले आगामी दिन विप्रेषण आप्रवाह वृद्धि भई आयातमा वृद्धि हुन सक्ने, सूचना प्रविधि क्षेत्रमा विस्तार, डिजिटल प्रविधिको बढ्दो प्रयोग, यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने लगायतको कारणले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ । त्यसैगरी, भू-उपयोग नियमावली संशोधन र कित्ताकाट सम्बन्धी व्यवस्थाहरु खुकुलो बन्दै गएकोले आगामी दिनमा घरजग्गा कारोबार समेत सकारात्मक रुपमा बढ्ने अनुमान गरिएको छ ।

## ९.५ पूर्वाधार क्षेत्र

सरकारको राजस्व र खर्चबीचको फराकिलो अन्तर, राजस्व संकलनमा आएको कमी, पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको भएपनि सडक विस्तार तथा स्तरोन्नतीको कार्य भईरहेको, विद्युत् प्रशारण लाइन विस्तार हुँदै गएको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माणको क्रममा रहेको, सुरुङमार्ग निर्माण कार्य अघि बढेकोले पूर्वाधार क्षेत्रमा सामान्य विस्तारको सम्भावना देखिन्छ ।

## ९.६ बाह्य क्षेत्र

बाह्य क्षेत्रतर्फ शोधनान्तर बचत उल्लेख्य बढेकोले बैंकिङ्ग प्रणालीमा अधिक तरलताको स्थिति छ । बाह्य पर्यटन क्षेत्रमा सुधार भएको, विप्रेषण आप्रवाह वृद्धि भएको, पेट्रोलियम पदार्थको मूल्यवृद्धिमा कमी आएका कारणले चालु खाता घाटा तथा शोधनान्तर स्थितिमा सुधार हुन गई विदेशी विनिमय संचिति बढिरहेको छ । सहज तरलता र न्यून ब्याजदरको अवस्थामा आयातले विस्तारै गति लिँदा बाह्य क्षेत्र परिसूचकहरुमा सामान्य प्रभाव पर्ने आँकलन रहेको छ ।

***

## अनुसुची

## राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति र समीक्षा अवधीको अन्तसम्मको भौतिक र वित्तीय प्रगति विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति विवरण

| क्र. सं. | आयोजनाको नाम | आ.व. २०८०/०८१ मा विनियोजित बजेट (रु. करोडमा) | आ.व. २०८०/०८१ को ६ महिनाको प्रगति | | | आयोजनाको शुरु भएदेखि आ.व. २०८०/०८१ को पुष मसान्त सम्मको समष्टिगत प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खर्च भएको बजेट (रु. करोडमा) | भौतिक प्रगति % | वितिय प्रगति % | खर्च भएको बजेट (रु. करोडमा) | भौतिक प्रगति % | वितिय प्रगति % | |
| १. | सिक्टा सिंचाई आयोजना | ७९.५६ | १९.८२ | ३४.२२ | २४.९१ | २०४३. | ४०.५ | ३८.६२ | |
| २. | बबई सिंचाई आयोजना | ६३.०१ | ४७. | ६०.९५ | ७४.५९ | १३१४.९९ | ७२.२२ | ६९.३४ | |
| ३. | रानी जमरा कुलरिया आयोजना | २६३.४४ | ७४.७६ | ३२.४६ | २८.३८ | १८८०. | ६९.८३ | ६७.९४ | |
| ४. | सुनकोशी मरिन डाइभर्सन आयोजना | ४१७.१४ | ३०५.२ | ८६.२६ | ७३.१६ | ११९१.१९ | २६.३८ | २४.२९ | |
| ५. | महाकाली सिंचाई आयोजना | ११४.३५ | ७०.८९ | ५२.१६ | ६१.९९ | ७००.०० | २०.०० | २०.०० | |
| ६. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १५९.४७ | ४४.०१ | ३५. | २७.६ | १५४३.९३ | ६५.६७ | ४६.५१ | |
| ७. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | मिति २०७८ असार २१ गते सम्माननीय प्रधानमन्त्रीबाट समुद्घाटन भएको । | | | | | | | |
| ८. | बुढी गण्डकी जलविद्युत् आयोजना | LBMIS अनुसार नपाल सरकारबाट रु १ अर्व विनियोजन गरिएको र गत आ.व.को मौज्दात रकम २२ करोड गरी जम्मा १ अर्व २२ करोड रुपैया रहेको र हालसम्म विनियोजित रकम प्राप्त नभएको । | २१.८९ | करिव १८% | १७.९३ | ४२९९.९३ | करिव १०% | करिव १६.५५% | आयोजना निर्माणको तयारी भइरहेको । |
| ९. | मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल), विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना | १०८४.१७ | ३९.७१ | ३.६६ | ३.६६ | ५८२.७४ | ७.०० | ७.०० | |
| १०. | पश्चिम सेती जलविद्युत् आयोजना | लगानी बोर्ड र विकासकर्ताबीच भएको समझदारीपत्र अनुसार हाल विकासकर्ता NHPC Limited ले यस परियोजनाको विस्तृत परियोजना अध्ययन कार्य गरिरहेको । | | | | | | | |
| ११. | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल | December 31, 2021 मा निर्माण सम्पन्न भएको र May 16, 2022 देखि विमानस्थल ब्यवसायीक रुपमा संचालनमा आएको । | | | | | | | |
| १२. | पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल आयोजना | ३००.०० | १६९.०२ | २०.०० | ५६.३४ | २१०४.७४ | ९९.६ | ८९.१५ | |
| १३. | दोस्रो अन्तराष्ट्रिय विमानस्थल आयोजना | ३०.०० | सम्मानित सर्वोच्च अदालतको मिति २०७९/०२/१२ को परमादेश अनुसार दोश्रो अन्तराष्ट्रिय विमानस्थल निर्माणको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७९/०४/२६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम गठन भएको विज्ञ समूहको आध्ययन प्रतिवेदन मिति २०७९/०५/२९ मा नेपाल सरकारलाई पेश भएकोमा २०८०/०७/२३ गतेको मन्त्री परिषद्को निर्णय अनुसार आयोजनाको निर्माण कार्य अघी बढाइने । | | | | | | नेपाल सरकारको बजेट मात्र |
| १४. | रेल मेट्रोरेल तथा मोनोरेल विकास आयोजना | १०३. | ३६.०३ | ५०. | ३४.९८ | ३०६४. | ४४. | ४३.३९ | |
| १५. | हुलाकी राजमार्ग आयोजना | ३४८.९ | १५३. | ७३.६३ | ४५.०३ | ६०३६.२८ | ६४.०३ | ५९.२१ | |
| १६. | पुष्पलाल (मध्य-पहाडी) राजमार्ग आयोजना निर्देशनालय | ३९५७५. | १४३.२३ | २८.५७ | ३८. | ६६४०. | ७४.८७ | ७८.७४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७. | कोशी कोरिडोर | | | | | | | | |
| | उत्तर दक्षिण (कोशी) सडक योजना, संखुवासभा | ७०. | १०.१२ | २२. | १४.४५ | ५१६.८६ | ४५. | ४३.३२ | |
| | खाँदबारी-किमाथांका (च्याम्ताङ्ग-घोङ्गप्पा खण्ड) सडक नेपाली सेनातर्फ | १०.२ | ३.९७ | ४०. | ३८.९२ | ४४.६७ | ६९.४६ | ७१.०२ | |
| १८. | कालिगण्डकी कोरिडोर | | | | | | | | |
| | गैडाकोट- राम्दी- मालढुङ्गा सडक योजना, पाल्पा | १०३.६९ | ७८. | ८५. | ७५.७२ | ९९५. | ६३. | ६२.५ | |
| | वेनी-जोमसोम-कोरला सडक योजना | ७४.३७ | २९.०५ | ४५. | ३९. | ६१८. | ७५. | ७०. | |
| १९. | कर्णाली कोरिडोर | | | | | | | | |
| | खुलालु सलिसल्ला सडक योजना कोल्टी, बाजुरा | ६५. | १.३ | ३. | २.०५ | १.३ | ३. | २.०५ | योजना २०८० पौष ६ गते स्थापना भएका कारण न्यून प्रगति देखिएको । |
| | हिल्सा- सिमिकोट सडक योजना (कर्णाली कोरिडोर उत्तर खण्ड), हुम्ला | ३७.५७ | १४.६५ | ६०.६७ | ३९. | १९३.६ | ३०. | २९.०६ | |
| | लालिबगर-दुल्लिकुन्ना र घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड सडक, नेपाली सेना तर्फ | २०.२६ | ७.९ | ४६.२५ | ३९.०२ | ४१.५६ | ५१.४७ | ३६.५२ | |
| २०. | काठमाडौं तराई-मधेस द्रुतमार्ग सडक आयोजना | २२५०.३८ | ४२७. | ४४.०६ | १९.०४ | ५१०३. | २९.६२ | ३०.४५ | |
| २१. | मेलम्ची खानेपानी आयोजना | ५०.८३ | १६.६३ | ४०.७२ | ३२.७२ | ३०३६.१३ | ९९.५२ | ९३.७२ | |
| २२. | पशुपती क्षेत्र विकास कोष | २१. | १६.८१ | ७६. | ८०. | १७९.०१ | ६७. | ६७.८ | |
| २३. | लुम्बिनी गुरुयोजना र बृहत्तर लुम्बिनी क्षेत्र | ४५. | १८.१७ | ८७.८३ | ४०.३९ | ८१७. | ८८. | ६१.६१ | |
| २४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १०५.०९ | १८.४५ | ३४. | १७.५५ | १४२४.७२ | ५.९४ | ५.७१ | |